# अध्याय एक

# शोध परिचय

## १.१ शोधकार्यको परिचय

शोधकार्य कुनै विषय, घटना, समस्या वा परिस्थितिको बारेमा सोधखोज गरी सत्य तथ्यपूर्ण निष्कर्ष निकाल्नुसँग सम्बन्धित छ । यसका निम्ति शोधकर्ता दक्ष हुनु आवश्यक हुन्छ । **शोध** संस्कृतको **शुध्** धातुमा **घञ्** प्रत्यय लागेर निर्मित शब्द हो जसको अर्थ निर्मल तुल्याउनु भन्ने हुन्छ । अर्थात् कुनै धारणा, सिद्धान्त अथवा ज्ञानलाई यथार्थ वस्तुपरक र वैज्ञानिक ढङ्ले संशोधन गरी निर्मल तुल्याउने र प्रमाणित गर्ने कार्यलाई शोध भनिन्छ । शोधकार्यलाई अनुसन्धान पनि भनिन्छ । अनुसन्धान शब्द अनु+सम्+धा+अन मिलेर निर्मित शब्द हो । जसको अर्थ खोजी गर्नु भन्ने हुन्छ । यो शब्द अङ्ग्रेजीको रिसर्च (Research) को नेपाली रूपान्तरण हो । रि + सर्च (Re + Search) मिलेर रिसर्च (Research) शब्दको निर्माण भएको हो । जसको अर्थ पनि पुनःखोजी गर्नु भन्ने हुन्छ । यसरी अनुसन्धानलाई कुनै विषय वा शीर्षकमा आधारित भएर गरिने खोजी र पुनःखोजी गरी निष्कर्ष निकाल्ने कार्य हो भनी परिभाषित गर्न सकिन्छ ।

शोधकार्य एक औपचारिक एवम् वैज्ञानिक प्रक्रिया हो । शोधकार्य सम्पन्न गर्न शोधार्थीले प्रथमतः विषय वा शीर्षक छनोट गर्नु पर्दछ । यो महत्त्वपूर्ण, सामग्री एवम् सल्लाह प्राप्त गर्न सकिने खालको हुनु पर्दछ । अनुसन्धेय शीर्षक छनोट गरी सकेपछि समस्या कथन तयार गरी उद्देश्य निर्माण गर्नु पर्दछ । त्यस्तै शोधले कति व्यापकता र गहिराइ समेट्ने भनी निर्धारण गर्न शोधको सीमाङ्कन गर्ने कार्य गर्नु पर्दछ ।

शोधकार्य सम्पन्न गर्ने क्रममा शोधको शीर्षक प्रकृति अनुसार शोधार्थीले स्थलगत वा पुस्तकालयीय अध्ययन विधि अवलम्बन गरेर सामग्री सङ्कलन गर्ने कार्य गर्दछ । शोधार्थीले ती सङ्कलित सामग्रीलाई व्याख्या विश्लेषण गरेर तथ्य वा निष्कर्ष निकाल्दछ ।

परिमाणात्मक अनुसन्धान भए निष्कर्ष साङ्ख्यिकीय आधारमा प्रस्तुत गरिन्छ भने गुणात्मक अनुसन्धान भए निष्कर्ष भाषामा प्रस्तुत गरिन्छ ।

*अतः अनुसन्धान वा शोधकार्य कुनै शीर्षकमा आधरित रहेर गरिने व्यवस्थित वैज्ञानिक खोज हो जुन वस्तुपरक, विश्वसनीय र प्रामाणिक हुन्छ ।*

## १.२ समस्याको कथन

प्रस्तुत शीर्षकको समस्या कथन निम्न लिखित रहेका छन् :

- **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त भाषिक विचलनको अवस्था के-कस्तो छ ?
- उक्त नियात्रामा प्रयुक्त भाषिक समानान्तरता के-कस्तो छ ?
- उक्त नियात्रामा के-कस्ता सादृश्यहरू प्रयुक्त छन् ?

## १.३ शोध उद्देश्य

प्रस्तुत शीर्षकको अध्ययनीय उद्देश्यहरू निम्न लिखित रहेका छन् :

- **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त भाषिक विचलनको अध्ययन गर्नु,
- उक्त नियात्रामा प्रयुक्त भाषिक समानान्तरताको अध्ययन गर्नु,
- उक्त नियात्रामा प्रयुक्त सादृश्यहरू पहिल्याउनु,

## १.४ शोधकार्यको औचित्य/महत्त्व

शैली वैज्ञानिक अध्ययन साहित्यिक कृतिको भाषा र सौन्दर्य पक्षको साङ्गोपाङ्ग अध्ययन गर्ने समालोचना प्रणाली हो । लेखकीय विशिष्टता शैली हो । लेखकले कृतिलाई विशिष्टता र कलात्मकता प्रदान गर्न के-कस्तो भाषाको प्रयोग गरेको छ, त्यसको कसरी प्रस्तुतीकरण दिइएको छ, वा कथानकको प्रस्तुति र चरित्रचित्रण कसरी गरिएको छ । शैली विज्ञानले यी सम्पूर्ण कुराहरूको अध्ययन र विश्लेषण गर्दछ ।

भाषिक अध्ययन शैली विज्ञानको एउटा पाटो हो । भाषा कुनै पनि रचना सिर्जनाको माध्यम हो । भाषाविनाको कुनै पनि रचना वा कृतिको अस्तित्व रहदैंन । लेखकीय भाषा र प्रयोगको चातुर्यबाट रचनाको उत्कृष्टता निर्भर रहन्छ ।

कुनै पनि कार्य गर्नुको पछाडि औचित्य लुकेको हुन्छ । शोध शोधका लागि मात्र गरिदैंन । शोधबाट प्राप्त तथ्य वा निष्कर्ष व्यक्ति, समाज र राष्ट्र एवम् अन्तराष्ट्रिय जगत्सम्म लाभदायक हुन सक्छ । प्रस्तुत शोध **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन**को औचित्य निम्न लिखित रहेको छ :

क. लेखकको भाषिक प्रयोग चातुर्यको आँकलन गर्न,

ख. शोधार्थीलाई भाषिक अध्ययनका निम्ति सामग्री प्रदान गर्न,

ग. लेखकको भाषा प्रयोग क्षमताका आधारमा कृतिको स्तर निरूपण गर्न,

घ. विद्यार्थी, शिक्षक र अन्य पाठकहरूलाई समानान्तरता, विचलन र सादृश्यको अवधारणा प्रस्तुत गर्न,

ङ. भाषिक विचलन, समानान्तरता र सादृश्यको आधारमा साहित्यिक कृतिको सौन्दर्योद्घाटन गर्न र यस्तो किसिमको अध्ययन गर्न चाहने अध्येतालाई सहयोग गर्न,

च. साहित्यिक कृतिमा सौन्दर्य सिर्जना गर्न एवम् विशिष्ट तुल्याउनलाई सिद्धान्त तथा व्यवहार प्रस्तुत गर्न,

छ. दुई भिन्न वस्तुहरूका बिचमा तुल्यता वा समानता देखाउन सक्ने लेखकीय सामर्थ्यको मूल्याङ्कन गर्न ।

शैली विज्ञान कृतिको भाषा पक्षको वस्तुनिष्ठ, व्यवस्थित र स्पष्ट अध्ययन गर्ने प्रणाली हो । यसले कृतिको बाह्य सौन्दर्यको अध्ययन गर्दछ । यस अध्ययनले अन्य नियात्राहरूको अध्ययन विश्लेषण गर्न आधार प्रदान गर्दछ । आधुनिक समालोचनामा

अत्यन्त लोकप्रिय समालोचना शैली विज्ञान हो । यसको एउटा पाटो भाषिक अध्ययन भएकाले शैली वैज्ञानिक समालोचना प्रणालीमा पनि यसले उत्तिकै महत्ता राख्ने देखिन्छ भने शिक्षणीय दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण देखिन्छ ।

## १.५ शोधकार्यको सीमाङ्कन

शोधकार्यको सीमाङ्कन भनेको शोधार्थीले शोधकार्य के-के मा आधारित भएर गर्ने, के-के विषय वा क्षेत्रलाई लिने भनी तोकेको क्षेत्र वा दायरा हो । यसले शोधार्थीलाई अध्ययनका सिलसिलामा बहकिन नदिई निश्चित सीमा वा क्षेत्रभित्र बाँध्ने कार्य गर्दछ । प्रस्तुत शोध शीर्षक **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन**को सीमा निम्न लिखित रहेका छन् :

क. यस अध्ययनलाई **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन**मा सीमित गरिएको छ ।

ख. भाषिक अध्ययन अन्तर्गत उक्त कृतिको निम्न लिखित कार्यहरूमा सीमाङ्कन गरिएको छ :

- भाषिक विचलन (कोशीय, व्याकरणिक, ध्वनि प्रक्रिया र अर्थ तात्त्विक)को अध्ययन,
- समानान्तरता (बाह्य र आन्तरिक) को अध्ययन,
- सादृश्य (भौगोलिक, प्राकृतिक, सामाजिक-सांस्कृतिक र भाषिक) को अध्ययन ।

## १.६ शोधविधि

प्रस्तुत शोधकार्यलाई यसका समस्याहरूमा केन्द्रित रहेर उद्देश्य प्राप्तिलाई केन्द्रविन्दुमा राखी निश्चित निष्कर्षसम्म पुऱ्याउनका लागि मूलतः पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ भने अंशतः यस विषयसँग सम्बन्धित विद्वान्हरूसँग सल्लाह तथा सुझावहरू लिई अध्ययन गरिएको छ । **गण्डकीको मुहानतिर** नियात्राको भाषिक

पक्षको अध्ययन गर्दा विचलन, समानान्तरता र सादृश्यको विश्लेषण गर्ने पद्धतिमा आधारित भएर शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोध अध्ययनका क्रममा निम्न लिखित सामग्रीका स्रोतहरूको उपयोग गरिएको छ :

**क. प्राथमिक सामग्री**

प्रस्तुत शोधकार्य **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन** भएकाले **गण्डकीका मुहानतिर** कृतिलाई प्राथमिक सामग्रीको स्रोतको रूपमा उपयोग गरिएको छ ।

**ख. द्वितीय सामग्री**

प्रस्तुत शोधकार्यमा द्वितीय सामग्रीको स्रोतको रूपमा विभिन्न प्रकाशन गृहरूबाट प्रकाशित पुस्तकहरू, सन्दर्भ पुस्तकहरू, पत्र पत्रिका, प्रकाशित लेख रचनाहरू, प्रकाशित तथा अप्रकाशित शोधपत्रहरू शोध निर्देशक लगायत विभिन्न विद्वान् विदुषी तथा सहपाठीहरूबाट प्राप्त सल्लाह, सुझाव, टिका-टिप्पणी, अभिमत आदिलाई उपयोग गरिएको छ ।

**१.७ शोधपत्रको रूपरेखा**

यस शोधपत्रको प्रारूप निम्नानुसारको रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तिन : भाषिक विश्लेषणको सैद्धान्तिक अवधारणा

अध्याय चार : भाषिक विचलनको विश्लेषण

अध्याय पाँच : समानान्तरता र सादृश्यको विश्लेषण

अध्याय छ : उपसंहार

सन्दर्भ सामग्री सूची

# अध्याय दुई
# पूर्वकार्यको पुनरावलोकन

नियात्रा साहित्यको नवीनतम विधा हो । यसमा यात्राको मन मोहकता, स्वाभाविक वर्णन, कलात्मकता र लेखकीय आत्मपरकताको उचित सङ्गम विन्दु हुन्छ । विश्व साहित्य साथै नेपाली साहित्यका क्षेत्रमा नियात्रा साहित्यले उर्वर भूमि निर्माण गरेको छ । नेपाली साहित्यमा तारानाथ शर्माले नियात्रा साहित्यको प्रारम्भ गरेको मानिन्छ । यसलाई उर्वर, फलदायी र पठनीय बनाउने कार्य प्रतीक ढकालले गरेका छन् । नेपालको एक महत्त्वपूर्ण निधिका रूपमा रहेका हिम शृङ्खलाहरूको भ्रमण, त्यहाँका मानिसको जीवन शैली, संस्कृति र संस्कारको उत्खनन् र उजागर गर्न ढकाल सक्षम रहेका छन् ।

भाषा साहित्य सिर्जनाको माध्यम हो । भाषाविनाको साहित्य सिर्जनाको कल्पनासम्म गर्न सकिदैन । यसले नै साहित्यलाई शरीर वा आवरण प्रदान गर्दछ । कृतिको भाषा र कला पक्षको अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषा विज्ञानको शाखालाई शैली विज्ञान भनिन्छ । शैली विज्ञान साहित्य समालोचनाको नवीनतम विधा हो, जुन भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ । यसले कृतिको भाषा र सौन्दर्य पक्षको उद्घाटन गर्ने कार्य गर्दछ । भाषिक अध्ययन शैली विज्ञानको एउटा पाटो हो ।

पूर्वकार्यको पुनरावलोकन शोधकार्य सम्पन्न गर्न सम्बन्धित विषय वा क्षेत्रमा आधारित भएर गरेका अनुसन्धान प्रतिवेदन, पत्र पत्रिकाका प्राज्ञिक लेख र सहयोगी सामग्री आदिको व्यवस्थित विषय क्षेत्रसँग सम्बन्धित अध्ययनले शोधार्थीलाई प्रतिवेदनका कमी कमजोरी, सम्भावित शीर्षकमा हुन सक्ने शीर्षकको छनोट गर्न र विधि वा तौर तरिकाको बारेमा जानकारी प्राप्त गर्न र आफ्नो शोधकार्यलाई पृथकता दिन सहयोग गर्दछ । यो अनुसन्धानको प्रारम्भदेखि अन्तिम चरणसम्म चलिरहने एक टिप्पणीमूलक कार्य हो ।

प्रस्तुत शीर्षक **गण्डकीको मुहातिर नियात्राको भाषिक अध्ययन**का लागि यससँग मिल्दा, आवश्यक र सहयोगी सैद्धान्तिक ग्रन्थ, शोधपत्र र पत्र पत्रिकाका लेख आदिको अध्ययन गरिएको छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

## २.१ सैद्धान्तिक ग्रन्थहरू

मोहनराज शर्माले **शैली विज्ञान** (२०४८) भन्ने पुस्तक प्रकाशित गरी यसमा शैली सम्बन्धी गहन अध्ययन गरेर आफ्नो धारणा प्रस्तुत गरेका छन् । यस ग्रन्थमा यिनले शैलीलाई रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्ति भनेका छन् जसमा भाषिक एकाइको सौन्दर्य बोधक समुच्चय हुन्छ । त्यस्तै शैली विज्ञानलाई भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको समालोचनाको नवीनतम विधा हो ।

शैली विज्ञानको पृष्ठभूमि दिने क्रममा पूर्वमा भरत, भामह, दण्डी र आनन्दवर्धनको भाषावादी साहित्य शास्त्रीय चिन्तन र पश्चिमका विद्वान्हरू अरस्तु र प्लेटोको भाषावादी विचार उठाएका छन् भने आधुनिक भाषा विज्ञान (वर्णनात्मक भाषा विज्ञान) को प्रारम्भसँगै आधुनिक शैली विज्ञानको आरम्भ भएको तथ्य प्रस्तुत गरेका छन् । वर्णनात्मक भाषा विज्ञानका प्रणेता सस्युर र उनका चेला चाल्स व्यालीको भाषा सम्बन्धी दृष्टिकोण र लियो स्पिट्जरको सौन्दर्यवादी र कलात्मक दृष्टिकोणले शैली विज्ञानको विकास गर्नमा विशेष योगदान गरेको कुरा उल्लेख गरेका छन् ।

शैली विज्ञानले कृतिको विश्लेषणमा मूलतः साहित्यिक संरचना, शैली र भाषा संरचनालाई आधार मान्दछ । साहित्यिक संरचना अन्तर्गत कृतिको बनोट र बुनोट, शैली अन्तर्गत चयन, अग्रभूमि निर्माण र विविधता र भाषा संरचना अन्तर्गत व्याकरण व्यवस्था, शब्द व्यवस्था र ध्वनि व्यवस्थाको अध्ययन विश्लेषण हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । त्यस्तै कृतिभित्र एकीकृत ढङ्गले रहेको कथ्य र अभिव्यक्तिको सम्बन्धलाई चालेर सो आधारमा सौन्दर्यमूलक संवेगको सन्धान गर्नु र त्यसमा रहेको शाब्दिक सौन्दर्यको उद्घाटन गर्नुलाई शैली वैज्ञानिक आलोचनाको प्रकृति, साहित्यिक समालोचना, र

भाषावादी सिद्धान्त मान्दै यो वस्तुवादी भएको कुरा उल्लेख गरेका छन् । यसमा शैली वैज्ञानिक आलोचनाको प्रकाश विन्दु, कृतिको भाषा र कलालाई शैली विज्ञानको क्षेत्र र शैली वैज्ञानिक आलोचनाका तहहरू : आधार सामग्रीको तह, कला माध्यमको तह, भाषिक प्रतीकको तहको विस्तृत चर्चा गरेका छन् । शैली वैज्ञानिक अध्ययनका प्रविधि अन्तर्गत निम्न तत्त्वहरूको चर्चा गरेका छन् :

**) संरचना**

यस अन्तर्गत साहित्यिक कृतिको बनोट र बुनोटको अध्ययन विश्लेषण गरेका छन् । बनोट अन्तर्गत कृतिको पूर्णता, घटकहरूको प्रतिफलन र कृतिको स्वायत्तताको अध्ययन विश्लेषण गरेका छन् । बुनोटमा रूप पक्ष अर्थात् छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक र चरित्र आदिको कृतिगत वैशिष्ट्यलाई केलाइन्छ भनी उल्लेख गरेका छन् ।

**)अग्रमूमि निर्माण :**

यसलाई अभिव्यक्ति माध्यमको कुनै पक्षलाई भङ्गिमाको वक्रताद्वारा तिख्याउनु वा उद्याउनु हो भनी परिभाषित गरेका छन् । यसका दुई प्रविधि भएको बताएका छन्, जुन निम्नानुसार छन् :

क. विचलन : कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियागत, लेख प्रक्रियात्मक, अर्थ तात्त्विक, भाषिका र प्रयुक्ति ।

ख. समानान्तरता : बाह्य र आन्तरिक समानान्तरतालाई उदाहरण सहित पुस्टि गरेका छन् ।

उपर्युक्त प्रविधिहरूको चर्चा गरेका शर्माले शैली विज्ञानको निष्कर्षमा निम्न कुराहरू उल्लेख गरेका छन् :

क. शैली वैज्ञानिक समालोचनाले साहित्यको समाज निरपेक्ष व्याख्या नगरी कृतिभित्रको संसारलाई व्याख्या गर्दछ ।

ख. शैली विज्ञान एउटा स्वायत्त शास्त्र वा विज्ञानका रूपमा रहेको छ ।

ग. यो पद्य साहित्य झैँ गद्य साहित्य र सानोदेखि ठुलो साहित्यिक कृतिको विश्लेषण गर्न समक्ष छ ।

यसका साथै शर्माले उक्त कृतिमा मुक्तक, कविता, कथा, नाटक र खण्डकाव्यको अध्ययन विश्लेषण गरेका छन् ।

घनश्याम नेपालले **शैली विज्ञान** (२००९) ग्रन्थमा शैली विज्ञान सम्बन्धी गहन एवम् व्यापक चर्चा गरेका छन् । शैली विज्ञानको पृष्ठभूमि खोज्ने क्रममा संस्कृतको काव्य शास्त्रीय/साहित्य शास्त्रको बारेमा चर्चा गरेका छन् भने शैली विज्ञानको उद्भवलाई पश्चिमी भाषा शास्त्रीय चिन्तनबाट भएको प्रस्ट पारेका छन् । सन् १९१५ मा वर्णनात्मक भाषा विज्ञानको उदयसँगै भाषा सम्बन्धी अध्ययन एवम् चिन्तनले व्यापकता पाएको, यस क्रममा प्राग मण्डली, कोपनहेगन, अमेरिकाली संरचनावाद, रूपान्तरणात्मक प्रजननात्मक व्याकरण, साङ्ख्यिकीय भाषा विज्ञान आदि चिन्तनले शैली विज्ञानको भाषा पक्षको अध्ययन, वस्तुगत ढङ्गले विश्लेषण गर्ने आधार प्रदान गरेको र त्यसै गरी फर्डिन्यान्ड डि सस्युरले आधुनिक भाषा विज्ञानको विकास गरे झैँ आइ.ए. रिचर्डस, टि.एस. इलियट र रसियाली सम्प्रदायबाट वस्तुनिष्ट समालोचनाको विकास भएको हो भनी चर्चा गरेका छन् ।

आधुनिक शैली विज्ञानको उद्भव कालमा यसको स्वरूप र कार्य क्षेत्रबारे स्पष्टतः दुई प्रमुख धारणाहरू पृष्ठभूमिका रूपमा रहेका छन् : भाषा वैज्ञानिक पृष्ठभूमि र साहित्य शास्त्रीय पृष्ठभूमि । भाषा वैज्ञानिक पृष्ठभूमि अन्तर्गत प्राहा भाषा विज्ञान मण्डली, अमिरेकेली संरचनावाद र साङ्ख्यिकीय भाषा विज्ञान आदिको भाषा सम्बन्धी चिन्तनले शैली विज्ञानको प्रादुर्भाव हुन सहयोग गरेको छ । त्यसै गरी साहित्य शास्त्रीय पृष्ठभूमि अन्तर्गत रसियाली रूपवादी र चेक रसियाली शैली विज्ञान, फ्रान्सेली स्पेनेली साहित्य

शास्त्र, शैली विज्ञान र भारतमा नयाँ शैली विज्ञान सम्बन्धी चिन्तनले आधुनिक शैली विज्ञानलाई पूर्णता प्रदान गऱ्यो भनी नेपालले उल्लेख गरेका छन् ।

नेपालले शैली विज्ञान साहित्य अध्ययनको एउटा नवोदित पद्धति हो भनी यसलाई आधुनिक भाषा विज्ञानको एउटा प्रायोगिक शाखा मानेका छन् । यसको आलोचनाको दृष्टि र चिन्तन धारा भाषावादी छ र प्रणालीको प्रकृति वस्तुवादी छ भनी उल्लेख गरेका छन् । शैली विज्ञानले साहित्यलाई भाषिक कलाका रूपमा र साहित्यिक कृतिलाई शाब्दिक/भाषिक प्रतीक माने जसरी भाषा विज्ञानले प्रत्येक शब्दलाई ध्वनि प्रतीकका रूपमा हेर्दछ त्यसरी नै शैली विज्ञानले पनि प्रत्येक सिङ्गो पाठलाई कला प्रतीकका रूपमा राखेर हेर्दछ भन्दै साहित्यिक कृतिको शैली वैज्ञानिक अध्ययनको स्वरूप निम्न लिखित तिन स्तरमा रहेको कुरा उल्लेख गरेका छन् :

**१. कला सामाग्रीको स्तर**

यसमा कृतिभित्र प्रयुक्त वाक्य र वाक्यभन्दा माथिको भाषिक एकाइहरूको विश्लेषण गरिने, यस स्तरको विश्लेषणमा मुलतः स्वनिम वैज्ञानिक, रूप वैज्ञानिक तथा वाक्य रचनागत तत्त्वहरूको विश्लेषण गरिने कुरा बताएका छन् ।

**२. कला माध्यमको स्तर**

यसमा साहित्यिक कृतिको छन्द योजना, अर्थ, लय, बिम्ब, प्रतीक, कथानक, चरित्र निर्माण, अलङ्कार, सादृश्य विधान आदिको विश्लेषण गरिने कुरा बताएका छन् ।

**३. कला प्रतीकको स्तर**

यसमा सिङ्गो साहित्यिक कृतिलाई कला प्रतीकको रूपमा विश्लेषण गरी कला प्रतीकको स्तर अन्तर्गत कृतिको संरचना र कृतिमा आबद्ध कृति संसारको पूर्णताको अध्ययन गरिने कुरा उल्लेख गरेका छन् ।

यसका साथै नेपालले गद्य भाषाका तिन वटा शैली वैज्ञानिक घटकहरू शब्द, वाक्य र अनुच्छेदको व्यापक रूपमा चर्चा गरेका छन् । त्यसै गरी उनले गद्य शैली वैज्ञानिक घटक र साहित्य शास्त्रीय घटकहरू अन्तर्गत विपर्यास, समानान्तरता, पुनरूक्ति, उत्तरगर्भ प्रश्न वा प्रश्नालङ्कार निर्देश औ सन्दर्भ, उखान र टुक्का, अलङ्कार विरामादि चिन्हको पनि चर्चा गरेका छन् । यस प्रकार नेपालले यो ग्रन्थलाई शैली वैज्ञानिक सिद्धान्तको अध्ययनमा खरो रूपमा उतारेका छन् ।

राजेन्द्र खनाल 'सौरभाभि'ले **शैली वैज्ञानिक पठनमा दुई उपन्यास** (२०६८) ग्रन्थमा शैली विज्ञानको सैद्धान्तिक आधार र व्यावहारिक विश्लेषणलाई सम्यक ढङ्गले प्रस्तुत गरेका छन् । यिनले शैली विज्ञानलाई भाषा विज्ञान र साहित्य शास्त्रको मिलन विन्दु भनी परिचय दिएका छन् । शैली विज्ञानको पश्चिमी पृष्ठभूमि र पूर्वीय परम्पराको चर्चा गर्दै आधुनिक भाषा विज्ञानका प्रणेता सस्युर र उनका चेला चाल्स व्यालीबाट शैली विज्ञानको प्रादुर्भाव भएको र लियो स्पिट्जरले सौन्दर्य शास्त्रको संयोजन गरेपछि शैली विज्ञानले पूर्णता पाएको तथ्य उल्लेख गरेका छन् । शैली विज्ञानलाई कुनै पनि साहित्यिक रचनाको भाषा वैज्ञानिक पद्धतिबाट गरिने विशिष्ट विश्लेषण र वस्तुपरकता तथा कृतिको केन्द्रिततामा आधारित हुन्छ भनी परिभाषित गरेका छन् ।

खनालले शैली विज्ञानको सैद्धान्तिक स्वरूप प्रस्ट पार्दै कृति विश्लेषणका आधारहरूको चर्चा गरेका छन् ती निम्न लिखित छन् :

## साहित्यिक संरचना

कृतिको सिङ्गो संरचनाभित्र रहेका विभिन्न घटक-उपघटकहरूको आ-आफ्नै किसिमको क्रम, श्रेणी र तह रहेको हुन्छ । यी सम्पूर्ण घटक-उपघटकहरूको समष्टि नै साहित्यिक संरचना हो भनी यस अन्तर्गत कृतिको बनोट र बुनोट पक्षको अध्ययन विश्लेषण गरिने कुरा उल्लेख गरेका छन् ।

**भाषा संरचना**

कृति संरचनाको मुख्य आधार भाषा रहेको, भाषाका विभिन्न एकाइगत क्रम वा श्रेणीको संयोजनबाट साहित्यिक कृतिको स्वरूप निर्धारण गरेको र भाषा संरचना अन्तर्गत मूल रूपमा व्याकरण व्यवस्था, शब्द व्यवस्था र ध्वनि व्यवस्थाको अध्ययन विश्लेषण हुन्छ भनी तिनको चर्चा गरेका छन् ।

**शैली**

भाषागत स्वाभाव र कृति निर्माणको आधार सामग्रीको सम्बन्ध नै शैली रहेको, कृतिको बाह्य र आन्तरिक पक्ष तथा मूर्त अमूर्त पाटाहरूको न्यायोचित अध्ययन विश्लेषण गर्ने कार्य शैली वैज्ञानिक अध्ययनमा हुने र शैली विज्ञानले केलाउने पक्षहरू निम्नानुसार छन् भनी उल्लेख गरेका छन् :

- **चयन** : शब्द चयन र वाक्य चयन
- **अग्रभूमि निर्माण**

  क. समानान्तरता : बाह्य र आन्तरिक समानान्तरता

  ख. विचलन : कोशीय विचलन, व्याकरणिक विचलन, अर्थ तात्त्विक विचलन, ध्वनि प्रक्रियागत विचलन, लेख्य प्रक्रियात्मक विचलन, प्रयुक्ति विचलन

- **विविधता**

उपर्युक्त सैद्धान्तिक आधार प्रस्तुत गरेका खनालले **मुग्लान** र **बसाइँ** उपन्यासको व्यावहारिक विश्लेषण गहन तहमा पुगेर गरेका छन् ।

उपन्यासको व्यावहारिक विश्लेषणका क्रममा खनालले **मुग्लान** र **बसाइँ** को कथानकको विश्लेषण फ्रेटागको पिरामिड अनुसार चिनारी, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहारको आधारमा गरेका छन् । उपन्यासका चरित्रहरूको विश्लेषण लिङ्ग,

कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा गरेका छन् । त्यसै गरी उपन्यासको भाषिक अध्ययन विश्लेषण निम्न लिखित युक्तिहरूमा आधारित रहेर गरेका छन् :

क. **चयन** : शब्द चयन, वाक्य चयन, चिन्ह प्रयोग, उखान टुक्का प्रयोग र गीति प्रयोग

ख. **विचलन** : कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन र अर्थ तात्त्विक विचलन

ग. **समानान्तरता** : बाह्य र आन्तरिक समानान्तरता ।

यस ग्रन्थमा निष्कर्ष खण्डमा भने शैली विज्ञान र दुवै उपन्यासको सारांश प्रस्तुत गरेका छन् ।

## २.२ पत्रिकामा प्रकाशित लेख

राजेन्द्र खनाल 'सौरभाभिले' २०६४ सालमा **सम्प्रेषण** पत्रिकाको अङ्क ४ मा **बसाइँ उपन्यासको अग्रभूमि निर्माण** भन्ने लेख प्रकाशित गरेका छन् जसमा भाषिक विचलन र समानान्तरताको कृतिगत विश्लेषण गरी यसको प्रभावकारिताको चर्चा गरेका छन् ।

उनले भाषिक विचलनलाई साहित्यिक कृतिहरूमा समावेश गरिएको भाषा तथा विविध शृङ्खलाको संरचनामा अतिक्रमण गरी स्तरीय तथा नियम सम्मत संरचनात्मक प्रयोगलाई उल्लङ्घन गर्ने काम विचलन हो भनेका छन् । संरचनात्मक र आर्थी भावपरक विचलन गरी दुई किसिमबाट वर्गीकरण गरेर बसाइँ उपन्यासमा यसको व्यावहारिक विश्लेषण गरेका छन् ।

भनिसाध्य भा' पो भन्नु ! पृ. ४५

यस उदाहरणमा ध्वनि प्रक्रियागत विचलन भएको स्पष्ट देख्न सकिन्छ । विचलनका कारणबाट संरचनामा रिक्तता देखिन्छ तापनि आर्थी सन्दर्भ र सौन्दर्यलाई अझ उच्चता प्रदान गरेको छ । यहाँ 'भा' ले भए भन्ने अर्थ सङ्केत गरेको छ भनी खनालले उल्लेख गरेका छन् ।

हृदयमा प्रचण्ड आँधी चलिरहेछ । पृ. ११

यस उदाहरण हृदय, प्रचण्ड र आँधी शब्दको प्रयोग गरिएको छ । यी शब्दको वाक्यात्मक संयोजनमा अभिधा अर्थ खोज्ने हो भने निर्थक हुन्छ । निश्चित भावनात्मक सम्बन्धका कारणबाट मात्र बुझाइमा मार्मिकता थपिएको छ । हृदय आफै भावपरक शब्द हो । प्रचण्ड भन्नाले उग्र वा चर्को भन्ने बुझिन्छ । त्यस्तै आँधीले त हावाको असन्तुलित प्रवाह वा वेग भन्ने अर्थ दिन्छ तर हृदयभित्र हावाको वेग जाने सम्भावना शून्य रहेर पनि उक्त वाक्यमा आर्थी विचलनका माध्यमबाट थप विशिष्टता र आकर्षण थपिएको छ भनी खनालले उल्लेख गरेका छन् ।

त्यसै गरी खनालले समानान्तरताको चर्चा गर्दै उपन्यासमा यसले प्रभावकारिता र विशिष्टता प्रदान गरेको चर्चा गरेका छन् । समानान्तरता भन्नाले नियमितताको सन्दर्भ भनी उनले परिभाषित गरेका छन् । कतिपय सन्दर्भमा भाषा तथा संरचनाको नियमित पुनरावृत्तिलाई समानान्तरताभित्र राखिन्छ भने कतिपय सन्दर्भभन्दा पनि पर अर्थगत र भावगत समानान्तरता समेत देखिएको छ । संरचनात्मक र भावनात्मक तहमा देखिने भएकोले समानान्तरता पक्षलाई बाह्य र आन्तरिक गरी दुई भागमा वर्गीकरण गरेका छन् । भाषिक संरचनाको तहमा हुने नियमित पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ र वर्ण, रुप, शब्द, पदावली आदिका तहमा हुने नियमित आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ भनी उल्लेख गरेका छन् । उनले बसाइँ उपन्यासमा प्रयुक्त समानान्तरताका केही उदाहरण निम्नानुसार प्रस्तुत गरेका छन् :

माझमा कोठाको माझमा अगेना छ । पृ. २९

यस उदाहरणमा 'ओ' ध्वनिको पुनरावृत्ति र 'माभ्र' शब्दको नियमितताले बाह्य समानान्तरता देखाएका छन् ।

तीन ठाउँमा फाटेको चोलोमा पनि कुनै फूलको कल्पना हुन सक्छ ? पृ. ६

यस उदाहरणमा फाटेको चोलोलाई सुन्दर फुलसँग तुलना गरी सादृश्यता देखाइएको छ । यसरी एउटा विषय वा वस्तुसँग आर्थी ढङ्गले सम्बन्ध स्थापना गर्नु आन्तरिक समानान्तरता हो भनी पुस्टि गरेका छन् ।

यस प्रकार खनालले अग्रभूमि निर्माणका दुई उपकरणहरू विचलन र समानान्तरताको उपयुक्त उपयोगले 'बसाइँ' उपन्यासलाई आकर्षक, प्रभावकारी, स्वाभाविक र सौन्दर्यमूलक बनाएको तथ्यको पुस्टि गरेका छन् ।

## २.३ अप्रकाशित शोध प्रतिवेदनहरू

राजेन्द्र खनालले २०६१ सालमा **मुग्लान उपन्यासको शैली वैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उनले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत रहेर स्नातकोत्तर उपाधिका लागि शोधकार्य गरेका हुन् । उनले 'मुग्लान' उपन्यासको शैली वैज्ञानिक अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गर्नुका साथै उक्त अध्ययनका आधारमा उपन्यास शिक्षण प्रक्रियामा शैली वैज्ञानिक अध्ययन विश्लेषण एवम् मूल्याङ्कन गर्दै शैली वैज्ञानिक अध्ययनको शैक्षिक प्रयोजनलाई प्रस्तुत गर्नुलाई समस्याको रूपमा लिएका छन् भने 'मुग्लान' उपन्यासका पात्रहरूलाई शैली वैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गर्ने, भाषाका आधारमा मुग्लान उपन्यासको अध्ययन गर्ने र प्राप्त निष्कर्षका आधारमा उपन्यासको मूल्याङ्न गर्ने भन्ने चार उद्देश्यमा केन्द्रित भएर शोधकार्य सम्पन्न गरेका छन् ।

यस शोधकार्यमा कथानकको विश्लेषण जर्मनका सुप्रसिद्ध समालोचक गुस्ताव फ्रेटागद्वारा निर्धारित आख्यानात्मक कृतिको कथानकको विकासक्रम अर्थात् फ्रेटागको पिरामिडमा उल्लिखित पाँच अवस्थाहरू आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास तथा

उपसंहारका आधारमा गरेका छन् । उपन्यासका पात्रहरूको वर्गीकरण र विश्लेषण लिङ्ग, कार्य, प्रवृत्ति, स्वाभाव, जीवन चेतना, असन्नता तथा आबद्धताको आधारमा र उपन्यासको भाषिक विश्लेषण चयन (शब्द चयन, वाक्य चयन, चिन्ह) र विचलन (कोशीय, व्याकरणात्मक, ध्वनि प्रक्रियात्मक, अर्थ तात्त्विक) तथा समानान्तरता (आन्तरिक र बाह्य) का आधारमा गरिएको छ भनी सीमाङ्कन गरेका छन् ।

खनालले यस शोधकार्यमा सामग्री सङ्कलन गर्दा सैद्धान्तिक ज्ञान प्राप्त गर्न मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरेका छन् भने अंशतः यस विषयसँग सम्बन्धित विद्वान्हरूको सल्लाह र सुझावहरूलाई मनन गरी सोही आधारमा अध्ययन, विश्लेषण गरेका छन् । यस शोधकार्यले उपन्यासकार गोविन्दराज भट्टराईका अन्य उपन्यास र अन्य उपन्यासकारका विभिन्न उपन्यासहरूको अध्ययन विश्लेषणमा उत्तिकै सबल सहयोग पुऱ्याउछ र यस शैली वैज्ञानिक अध्ययनले समालोचकीय पक्षहरूमा पनि उत्तिकै महत्त्व राख्ने तथा शिक्षणीय सवालमा पनि यस अध्ययनले शैली वैज्ञानिक शिक्षण प्रक्रियालाई दह्रो टेवा पुऱ्याउने सुनिश्चितता देखिने हुनाले यो अध्ययन औचित्यपूर्ण र महत्त्वपूर्ण भएको कुरा उल्लेख गरेका छन् । उनले यस शोधकार्यको निष्कर्षमा कुनै पनि कृतिको सङ्गठित, व्यवस्थित र वस्तुगत अध्ययन विश्लेषण गर्नका लागि शैली विज्ञान महत्त्वपूर्ण पाटो भएको, यस अध्ययनले अन्य अध्ययन विश्लेषणलाई सघाउ पुऱ्याउनका साथै शिक्षणीय सवालमा शैली वैज्ञानिक शिक्षण प्रक्रियालाई दह्रो टेवा पुऱ्याउने कुरा उल्लेख गरेका छन् । त्यस्तै शैली वैज्ञानिक विश्लेषण साहित्यिक समालोचनाको नवीनतम विधा, भाषावादी सिद्धान्तमा आधारित भाषा विज्ञानको महत्त्वपूर्ण शाखाको रूपमा रहेको, यसको विकासको प्रारम्भ विन्दु सन् १८८२ रहेको र कृतिको अध्ययन विश्लेषण चयन, अग्रभूमि निर्माण तथा चिन्ह प्रयोगको तहबाट गरिने कुरा उल्लेख गरेका छन् ।

प्रतिक्षा निरौलाले २०६२ सालमा **यो प्रेम ! नाटकको शैली वैज्ञानिक अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तरको उपाधिका लागि शोधकार्य सम्पन्न गरेकी छन् ।

नाटकको शैली वैज्ञानिक विश्लेषण कसरी  गर्न सकिन्छ भन्ने शोधको समस्या रहेको यस शोधकार्यका निम्न लिखित उद्देश्य रहेका छन् :

क.  कथावस्तुको आधारमा नाटकको विश्लेषण गर्नु,

ख.  चरित्रको आधारमा नाटकको विश्लेषण गर्नु,

ग.  चयन, विचलन र समानान्तरताको आधारमा नाटकको विश्लेषण गर्नु,

यस शोधकार्यको औचित्य नाटककारका अन्य नाटकहरूलाई शैली वैज्ञानिक आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु र शैली वैज्ञानिक अध्ययनलाई शिक्षणीय प्रयोजनमा उपयोग गर्न सकिने रहेको छ । यसका साथै नाटकको कथानक, चरित्र, भाषिक संरचना (चयन, विचलन र समानान्तरता) को विश्लेषण गर्नमा शोधकार्यलाई सीमित गरेकी छन् । यसमा सामग्री सङ्कलनमा प्राथमिक स्रोत र द्वितीय स्रोत अन्तर्गत पुस्तकालयीय पद्धतिलाई उपयोग गरेकी छन् भन्ने नाटकको अध्ययन र विश्लेषणका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरेकी छन् ।

सात वटा अध्यायमा विभाजित यस शोध प्रतिवेदनमा नाटकको कथानकको विश्लेषण फ्रेटागको पिरामिडको अवस्था आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहारको आधारमा गरेकी छन् । चरित्रको विश्लेषण, लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आबद्धता आदिको आधारमा गरेकी छन् । नाटकको भाषिक पक्षको विश्लेषण अन्तर्गत चयन (शब्द चयन, चिन्ह प्रयोग, बिम्ब प्रतीक र उखान टुक्का), भाषिक विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रिया र अर्थ तात्त्विक विचलन र समानान्तरता अर्न्तगत बाह्य र आन्तरिक समानान्तरताको विश्लेषण गरेकी छन् । यस शोधपत्रको प्रत्येक अध्यायको अन्त्यमा अध्यायगत रूपमा सारांश प्रस्तुत गरेकी छन् भने उपसंहार खण्डमा समग्र शोधको निष्कर्ष प्रस्तत गरेकी छन् । शैली विज्ञान साहित्यिक कृतिको वस्तुवादी र भाषावादी अध्ययन प्रणाली भएको यसले कृतिको विश्लेषणमा बाह्य प्रभावपरकतालाई अस्वीकार गर्ने र नाटकको वस्तुपरक र कृतिपरक ढङ्गले विश्लेषण गरी शिक्षणमा प्रयोग गर्न यो अध्ययन उपयोगी रहेको निष्कर्ष प्रस्तुत गरेकी छन् ।

राजेन्द्र खनालले २०६४ सालमा **बसाइँ उपन्यासको शैली वैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । त्रिभुवन विश्वविद्यालयको मानविकी सङ्काय अन्तर्गत स्नातकोत्तर उपाधिका लागि यो शोधकार्य सम्पन्न गरेका हुन् । उनले **बसाइँ** उपन्यासको शैली वैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्न गर्दै शिक्षणीय सुझावहरू प्रस्तुत गरेका छन् । उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषणलाई शोधको समस्याको रूपमा लिएर उपन्यासको कथानकको विश्लेषण, चरित्रको विश्लेषण र भाषिक विश्लेषण गर्नु भनी उद्देश्य निर्धारण गरेका छन् । यी कार्यहरूमा सीमित गरेर शोधकार्य सम्पन्न गरेका छन् ।

खनालले सामग्री सङ्कलनमा प्राथमिक सामग्रीको स्रोतको रूपमा **बसाइँ** उपन्यासलाई लिएका छन् । उपन्यासको कथानकको विश्लेषणका लागि जर्मनीका विद्वान् तथा समालोचक फ्रेटागको पिरामिडको अवस्था चिनारी, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहारलाई आधार बनाएर कथानकको विश्लेषण गरेका छन् । चरित्रको अध्ययन र विश्लेषण लिङ्ग, स्वभाव, कार्य, प्रवृत्ति, जीवन चेतना, असन्नता र आबद्धताको आधारमा गरेका छन् भने कृतिको भाषिक विश्लेषण विकल्पन र चयन, भाषिक विचलन र समानान्तरताका आधारमा गरेका छन् ।

निष्कर्ष खण्डमा प्रत्येक अध्यायको अध्यायगत रूपमा निष्कर्ष प्रस्तुत गरेका छन् । उनले सम्पूर्ण प्रकारका कृतिहरूको अध्ययन विश्लेषण गर्नका लागि शैली वैज्ञानिक अध्ययन एक महत्त्वपूर्ण पाटो हो । यस अध्ययन पत्रबाट अन्य अध्ययन विश्लेषणमा सघाउ पुऱ्याउनका साथै शिक्षणीय सवालमा पनि यसले शैली वैज्ञानिक शिक्षण प्रक्रियालाई दह्रो टेवा पुऱ्याउने निष्कर्ष निकालेका छन् ।

शोधार्थी थमनबहादुर खत्रीले २०६४ सालमा **सुकरातका पाइला उपन्यासको शैली वैज्ञानिक अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर उपाधि प्राप्तिका लागि शोधकार्य सम्पन्न गरेका छन् ।

खत्रीले कथानकको प्रस्तुति कस्तो छ ? उपन्यासमा के-कस्ता नवीन प्रयोग भएका छन् । शिक्षणीय प्रक्रियामा कसरी प्रयोग गर्न सकिन्छ ? भनी शोध समस्या निर्धारण गरेका छन् । कथानकको आधारमा उपन्यासको विश्लेषण गर्नु, पात्रहरूको शैली वैज्ञानिक आधारमा वर्गीकरण गर्नु र भाषिक चयन, विचलन र समानान्तरता आधारमा उपन्यासको विश्लेषण गर्ने उद्देश्यहरू राखेका छन् । उपन्यास साहित्यको बृहत् विधा हो । यस अध्ययनले उपन्यास शिक्षण गर्ने र अन्य उपन्यासको शैली वैज्ञानिक अध्ययनमा आधार प्रदान गर्ने भएकाले यो शोधपत्र औचित्यपूर्ण रहेको कुरा उल्लेख गरेका छन् । सामग्री सङ्लनमा प्राथमिक स्रोतको रूपमा **सुकरातका पाइला** उपन्यास र द्वितीय स्रोतका रुपमा पुस्तकालयीय अध्ययन पद्धति उपयोग गरेका छन् भने उपन्यासको विश्लेषणमा वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरेका छन् । उपन्यासको कथानक विश्लेषणमा फ्रेटागको पिरामिडको अवस्था आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहारलाई आधार मानेर गरेका छन् । चरित्रको वर्गीकरण र विश्लेषण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, असन्नता र आबद्धताका आधारमा गरेका छन् । उपन्यासको भाषिक विश्लेषण चयन, विचलन र समानान्तरता आधारमा गरेका छन् ।

छ वटा अध्यायमा विभाजित यस शोध प्रतिवेदनको निष्कर्ष खण्डमा प्रत्येक अध्यायको निष्कर्ष फरक-फरक अनुच्छेदमा प्रस्तुत गरेका छन् । समग्रमा खत्रीले शैली विज्ञानले भाषिक विशिष्टता र कृतिको सौन्दर्य पक्षको उद्घाटन गर्ने भएकोले यस उपन्यासको अध्ययनले कृतिको विशिष्टता एवम् वस्तुपरकता प्रदान गर्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

लक्ष्मी आचार्यले (२०६४) सालमा **स्मृतिको पर्खाभित्र नाटकको शैली वैज्ञानिक अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको प्रयोजनार्थ शोधकार्य सम्पन्न गरेकी छन् । आचार्यले नाटकको संरचनात्मक विश्लेषण कसरी गर्न सकिन्छ ? र शैली वैज्ञानिक युक्तिहरू चयन, विचलन र समानान्तरताको कसरी विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ भन्ने शोध समस्या राखेकी छन् । यी समस्याहरूमा केन्द्रित रहेर

उनले नाटकको संरचनात्मक आधारमा विश्लेषण, चयन, समानान्तरता र विचलनका आधारमा नाटकको विश्लेषण गर्नु आदि लाई शोधको उद्देश्यका रूपमा प्रस्तुत गरेकी छन् । उनले अन्य नाटकको शैली वैज्ञानिक अध्ययन यसै अध्ययनको ढाँचामा राखेर गर्नका लागि आधार प्रदान गर्ने र नाटकको शिक्षणीय सवालमा पनि सहयोग पुऱ्याउने भएकाले यस अध्ययनको औचित्य रहेको कुरा स्पष्ट पारेकी छिन् ।

यसमा शैली विज्ञानको सिद्धान्त र कृति विश्लेषण प्रक्रिया, नाटकको सैद्धान्तिक अवधारणा, नाटकको संरचनात्मक आधारमा विश्लेषण र नाटकको चयन, विचलन र समानान्तरताको आधारमा विश्लेषण गर्नुमा शोधकार्यलाई सीमित गरेकी छन् । सामग्री सङ्कलनमा प्राथमिक स्रोतका रूपमा **स्मृतिको पर्खालभित्र** कृतिलाई लिएकी र द्वितीय स्रोतका रूपमा पुस्तकालयीय पद्धतिलाई उपयोग गरेकी छन् ।

सात वटा अध्यायमा विभाजित शोधको विश्लेषण खण्डमा नाटकको कथानकको विश्लेषण फ्रेटागको पिरामिड अवस्थाः आरम्भ, सङ्घर्ष विकास, चरम सङ्घर्ष ह्रास र उपसंहारका आधारमा गरेकी छन् । चरित्रको वर्गीकरण र विश्लेषण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, असन्नता र आबद्धताका आधारमा र नाटकको भाषिक पक्ष चयन, समानान्तरता र विचलनका आधारमा गरेकी छन् ।

आचार्यले उपसंहार खण्डमा प्रत्येक अध्यायको अध्यायगत रूपमा निष्कर्ष प्रस्तुत गरेकी छन् । समग्र शोधको निष्कर्षमा शैली विज्ञान साहित्यिक कृतिको वस्तुनिष्ठ प्रणाली हो र यस अध्ययनले नाटकको वस्तुपरक ढङ्गले विश्लेषण गरी शिक्षणका निम्ति उपयुक्त मार्ग निर्देशन प्रदान गर्दछ भनी प्रस्ट पारेकी छन् ।

शोधार्थी नारायण कुमार दाहालले २०६५ सालमा **सुम्निमा उपन्यासको शैली वैज्ञानिक अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तरको उपाधि हासिल गर्नका निम्ति शोधकार्य सम्पन्न गरेका छन् ।

उपन्यासको शैली वैज्ञानिक अध्ययन विश्लेषण र शिक्षणीय प्रयोजनलाई समस्याका रूपमा लिई उपन्यासको कथानकको आधारमा विश्लेषण गर्नु, चरित्रका आधारमा

विश्लेषण गर्नु, चयनका आधारमा, भाषिक विचलन र समानान्तरताका आधारमा सुम्निमा उपन्यासको विश्लेषण गर्नु र शैली वैज्ञानिक अध्ययनको शैक्षणिक प्रयोजन प्रस्तुत गर्नु आदि शोधको उद्देश्य राखेका छन् । त्यसै गरी उपन्यासको शिक्षणका लागि सैद्धान्तिक आधार खडा गर्नु र अन्य शोधार्थीलाई आधार सिर्जना गर्नको लागि यस शोधकार्यको औचित्य रहेको छ भनी उल्लेख गरेका छन् ।

सामग्री सङ्कलनमा प्राथमिक सामग्रीको स्रोतको रूपमा **सुम्निमा** उपन्यासलाई लिएका छन् भने द्वितीय स्रोतका रूपमा पुस्तकालयीय पद्धतिलाई अवलम्बन गरेका छन् । उपन्यासको विश्लेषणमा वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरेका छन् । उपन्यासको कथानक विश्लेषणमा फ्रेटागको पिरामिडको अवस्थाः आरम्भ, सङ्घर्ष विकास चरम, सङ्घर्ष ह्रास र उपसंहार आदिको आधारमा विश्लेषण गरेका छन् । चरित्रको विश्लेषण लिङ्ग, कार्य, स्वभाव, प्रवृत्ति, जीवन चेतना, असन्नता र आबद्धताका आधारमा गरेका छन् । त्यस्तै उपन्यासको भाषिक विश्लेषण चयन (शब्द चयन, वाक्य चयन, उखान टुक्का प्रयोग, कवितात्मक प्रयोग, सांस्कृतिक झल्को र चिन्ह प्रयोग) भाषिक विचलन ( कोशीय, व्याकरणिक, अर्थ तात्त्विक, ध्वनि प्रक्रिया, भाषिकागत र प्रयुक्ति विचलन र समानान्तरता (आन्तरिक र बाह्य) का आधारमा गरेका छन् ।

निष्कर्षमा उपन्यास साहित्यकै अत्यन्त लोकप्रिय विधा भएकाले यसको अध्ययन विश्लेषणले शिक्षणीय सामग्री प्राप्त गर्न एवम् सिद्धान्तको निर्माण गर्न सहयोग गर्ने धारणा राखेका छन् ।

रूद्रबहादुर राउत (२०६८) ले **माछो माछो भ्यागुतो कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा प्रयुक्त भाषिक विचलनको अध्ययन** शीर्षकमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको प्रयोजनार्थ शोधकार्य सम्पन्न गरेका छन् ।

राउतले शैली विज्ञानको सिद्धान्त कस्तो छ ? र कथाहरूमा प्रयुक्त भाषिक विचलनको अवस्था के कस्तो रहेको छ ? भन्ने समस्यामा केन्द्रित रहेर उद्देश्य निर्धारण गरेका छन् । यस शोधकार्यको उद्देश्य शैली विज्ञानको सैद्धान्तिक चिनारी दिनु र

कथाहरूमा प्रयुक्त भाषिक विचलनको अध्ययन गर्नु रहेको छ । विचलनलाई साहित्यिक भाषाको पर्यायको रूपमा लिदैँ भाषिक विचलनको शैक्षणिक महत्त्व प्रस्तुत गर्नु र विचलनका आधारमा अन्य कथाहरूको अध्ययन र विश्लेषण गर्न सहयोग गर्ने भएकाले यस शोधको औचित्य रहेको पुस्टि गरेका छन् । त्यस्तै उनले कथाहरूको भाषिक विचलनको अध्ययन र विश्लेषणमा शोधकार्यलाई सीमित गरेका छन् ।

सामग्री सङ्कलनमा प्राथमिक स्रोतका रूपमा **माछो माछो भ्यागुतो** कथा सङ्ग्रह र द्वितीय स्रोतका रूपमा पुस्तकालयीय पद्धतिलाई अवलम्बन गरेका छन् । त्यसै गरी कृतिको अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि उपयोग गरेका छन् । कथाहरूको विश्लेषणमा आर्थी विचलन, भाषिकागत विचलन, लेख्य प्रक्रियागत विचलन, कोशीय विचलन, ध्वनि विचलन, प्रयुक्ति विचलन र व्याकरणिक विचलनको सूक्ष्म एवम् व्यापक रूपमा खोजी गरेका छन् ।

शोधकार्यको निष्कर्षको रूपमा भाषा साहित्यिक कृतिको आधार सामाग्रीका रूपमा मात्र नभएर शाब्दिक कलाको रूपमा पनि रहेको हुन्छ र भाषालाई शाब्दिक कलाका रूपमा प्रस्तुत गर्ने एक महत्त्वपूर्ण तत्त्व विचलन भएकोले यसमा आधारित रहेर शोधकार्य सम्पन्न गरेको खुलासा गरेका छन् ।

यसरी माथि प्रस्तुत सम्पूर्ण अध्ययनहरू शैली वैज्ञानिक अध्ययनसँग सम्बन्धित छन् । हुन त शैली विज्ञानमा पनि भाषाको अध्ययन त हुन्छ । तर यहाँ विशुद्ध भाषिक अध्ययन हालसम्म नभएकाले यस शोधकार्यमा **गण्डकीको मुहानतिर नियात्राको भाषिक अध्ययन** गर्न उपर्युक्त लागेर यस कृतिको भाषाको विचलन, समानान्तरताका आधारमा शोधकार्य गरिएको छ । यसका साथै सादृश्यलाई पनि यसै अध्ययनमा समेटिएको छ ।

# अध्याय तिन

# भाषिक विश्लेषणको सैद्धान्तिक अवधारणा

## ३.१ विषय प्रवेश :

साहित्य भाषिक प्रयोगकको विशिष्ट रूप हो । यस कारण आधुनिक साहित्यिक समालोचकहरू साहित्यलाई शाब्दिक कला मान्दछन् । साहित्यमा प्रयुक्त भाषाको अध्ययन गर्ने परम्परा पूर्व र पश्चिममा सुदीर्घ रहेको छ, यद्यपि भाषा वैज्ञानिक कोणबाट अध्ययन गर्ने प्रचलन भने आधुनिक कालबाट प्रारम्भ भएको पाइन्छ । यही साहित्यको भाषा वैज्ञानिक दृष्टिकोणबाट अध्ययन विश्लेषण गर्ने प्रायोगिक भाषा विज्ञानको एउटा शाखा नै शैली विज्ञान हो । यसले चयन, विचलन र समानान्तरताका माध्यमबाट साहित्यको भाषिक पक्षको विश्लेषण गर्दछ । यस अध्ययनमा भाषिक पक्षको अध्ययनका लागि विचलन र समानान्तरतालाई लिइएको छ । त्यसै गरी सादृश्यलाई यसै अध्ययनमा समेटिएको छ । तसर्थ भाषिक विश्लेषणका आधारहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

## ३.२ शैली :

शैली विज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो, जुन समालोचनाको फाँटमा भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखा परेको छ । शैली विज्ञान भाषा विज्ञानको एउटा महत्त्वपूर्ण अङ्ग वा शाखा हो । यो मूलतः काव्य भाषाको अध्ययन र विश्लेषण गर्नका लागि प्रादुर्भाव भएको मानिन्छ । यसले काव्य भाषाको विविध प्रयोगहरूका अध्ययन विश्लेषण गर्दछ । अर्थात् यो काव्य भाषाका विशिष्ट प्रयोगहरूका साथै सूक्ष्म र जटिल प्रयोगहरूका अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ ।

भाषा विज्ञानको नवोदित शाखाका रूपमा उपस्थित शैली विज्ञान प्रायोगिक भाषा विज्ञानको एउटा शाखा अन्तर्गत पर्दछ । यसले भाषामा रहेको शैली तत्त्वको व्यवस्थित अध्ययन र विश्लेषण गर्दछ । यस कारण शैलीको रीतिपूर्वक र विधिपूर्वक अध्ययन

विश्लेषणद्वारा सो सङ्कथनको मर्मबोध र सौन्दर्य बोध गर्ने कार्य गर्दछ । यसले मौखिक र लिखित दुबै साहित्यिक सङ्कथनका विशिष्ट शैलीको अध्ययन गर्दछ ।

शैली विज्ञानले कुनै पनि कृति वा सङ्कथनको भाषिक आधारबाट विश्लेषण गरी शैलीका माध्यमबाट त्यसमा निहित कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने र कृतिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्ने कार्य गर्दछ । यस कारण शैली विज्ञानलाई भाषा विज्ञान र साहित्य शास्त्रको मिलन विन्दु पनि मानिन्छ । उपर्युक्त कारणबाट यसलाई साहित्यिक शैली विज्ञान, साहित्यिक भाषा विज्ञान, प्रायोगिक समीक्षा, भाषा वैज्ञानिक आलोचना, साहित्यको सिर्जनात्मक आलोचना र साहित्यको वैज्ञानिक आलोचना आदि विविध नामहरूले चिनिएको पाइन्छ ।

साहित्य समालोचनाको क्षेत्रमा निकै प्रसिद्ध शैली शब्द अङ्ग्रेजीको स्टाइल (Style) शब्दको नेपाली रूपान्तरण हो । अङ्ग्रेजी स्टाइल (Style) शब्दको व्युत्पत्ति स्टुलस (Stilus) बाट भएको हो । यसको अर्थ मइनमाथि लेख्न बनाइएको हाड वा धातुको कलम भन्ने गरिन्छ । उन्नाइसौँ शताब्दीको प्रारम्भमा जर्मनी भाषामा प्रचलित स्टिलिस्टिक (Stilistick) शब्द र सन् १८७२ मा फ्रान्सेली भाषामा प्रयुक्त स्टालिस्टिक्यु (Stylistique) शब्द आधुनिक शैली विज्ञान स्टाइलिस्टिक (Stylistic) को पूर्वज मानिन्छन् ।

पूर्वमा शैली शब्द संस्कृतको **शील** धातुबाट निर्माण भएको मानिन्छ । **शी** धातुमा **लक्** प्रत्यय लागेर **शील** शब्दको निर्माण भएको हो । जसको अर्थ राम्रो बानी बेहोरा, असल चालचलन, चरित्र, स्वभाव र प्रकृति (नेपाली बृहत् शब्दकोश, २०६७ : ११९३) भन्ने हुन्छ । शैलीको प्रयोग माध्यन्दिनी संहितामा अञ्जन विद्याका देवताका अर्थमा, प्रदीपटीकामा स्वभावको अर्थमा र धातुपाठमा एकाग्र हुनु, अभ्यास हुनु अर्थमा भएको पाइन्छ । (शर्मा, २०४९ : २४) आधुनिक कालमा आएर शैली साहित्यिक समालोचनाको पारिभाषिक शब्द बनी सकेको छ । शैलीका विविध परिभाषाहरू समेत बनी सकेका छन् ।

केही विद्वान्हरूले शैली सम्बन्धी दिएका परिभाषाहरू निम्न लिखित छन् :

- शैली भनेको आवाज हो ।     - इमर्सन
- मनको आवाज शैली हो ।     - सोपेहावर
- महान् आत्माको ध्वनि नै उच्च शैली हो ।   - लोन्जाइनस
- शैली एउटा त्यस्तो साधन हो, जसद्वारा व्यक्ति अरूसित सम्पर्कमा आउँछ, त्यो शब्दभित्रकै व्यक्तित्त्व हो , बोलीमा पूर्णता भएको चरित्र हो ।   - एफ.एल.लुकास
- शैली लेखकको सर्वस्व हो ।   - मेरे
- उचित शब्दहरूको उचित क्रममा प्रयोग नै शैली हो ।      - स्विफ्ट
- शैली विज्ञान शैली मात्र वा शैलीको व्यापक रूपको अध्ययन हो र यस अन्तर्गत लोक व्यवहार शास्त्र र साहित्य सबैमा व्यावहारिक, प्रायोगिक भाषा विज्ञान समावेश भएको हुन्छ । शैली विज्ञान साहित्यिक शैली अथवा कलात्मक भाषा विज्ञानको अध्ययन हो ।      - नगेन्द्र
- भाषा प्रयोगको वर्णनात्मक अध्ययनलाई शैली विज्ञान भनिन्छ ।    - सुरेश कुमार
- भाषापरक पद्धति र कलापरक दृष्टिको आधारमा भाषा विज्ञानको सहयोगबाट साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैली विज्ञान हो ।  - घनश्याम नेपाल
- शैली विज्ञान कृति केन्द्रित हुन्छ र शाब्दिक संरचनालाई अध्ययनको विषय बनाउँछ - कृष्ण गौतम
- साहित्यिक कृतिको संरचना, बनोट आदिलाई खोतल्ने र विश्लेषणद्वारा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्ने भाषा विज्ञान नवीनतम भाषावादी सिद्धान्त नै शैली विज्ञान हो ।       - मोहनराज शर्मा

*समग्रमा शैली लेखकीय स्व वा आत्मा हो भने शैली विज्ञानले भाषापरक ढङ्गबाट साहित्यिक कृतिको अध्ययन गरी कला एवम् सौन्दर्यको उद्घाटन गर्न सक्छ* भन्न सकिन्छ ।

## ३.३ शैली विज्ञानको पृष्ठभूमि र सैद्धान्तिक स्वरूप :

आधुनिक युगमा भाषा विज्ञानले साहित्यिक भाषा वा काव्य भाषाको समेत अध्ययन गर्न थालेदेखि शैली विज्ञानको प्रारम्भ भएको मानिन्छ । शैली विज्ञान आधुनिक युगको नवीन विज्ञान वा शास्त्र भए पनि यसको पृष्ठभूमि पूर्व र पश्चिम दुवैमा पुरानै पाइन्छ । पूर्वमा भरत, भामह, दण्डी, आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक आदिका साहित्य शास्त्रीय चिन्तनमा शैलीको बृहत् चर्चा गरेको पाइन्छ । त्यसै गरी पश्चिममा ग्रिसेली विद्वान्हरू प्लेटो, अरस्तु र सिसरो आदिले पनि शैली विषयक चर्चा गरेका छन् ।

शैलीका विषयमा पूर्व र पश्चिममा परम्परागत रूपमा चर्चा भए पनि यसले वैज्ञानिक दृष्टि चाहिँ आधुनिक कालमा पश्चिमबाट पाएको हो । शैली विज्ञानको सुभारम्भ गर्ने श्रेय वर्णनात्मक भाषा विज्ञानका प्रणेता फर्डिनान्ड डी सस्युरलाई जान्छ । सस्युरले विश्वविद्यालयमा प्रध्यापन गर्दाका नोटहरू बाट उनका चेलाद्वय चार्ल्स ब्याली र सेचेहायले कोर्स दि लिङ्ग्विस्टिक जनरल (Course de linguistuque general) नामक पुस्तक सन् १९१६ मा प्रकाशन गरेपछि वर्णनात्मक भाषा विज्ञानको विधिवत् सुरूवात भएको मानिन्छ । काव्य भाषाको भाषा वैज्ञानिक अध्ययनलाई **शैली** भनी ब्यालीले नामाकरण गरेका हुन् । यस कारण कृति वा साहित्यको भाषापरक अध्ययनका लागि सस्युर र ब्यालीको उल्लेखनीय योगदान रहेको पाइन्छ । त्यस्तै लियो स्पिट्जरले कलापरक एवम् सौन्दर्य शास्त्रीय दृष्टिकोण शैलीमा समन्वय गरेपछि शैली विज्ञानले पूर्णता प्राप्त गरेको हो । शैली विज्ञान प्रायोगिक भाषा विज्ञानको एउटा शाखा भए तापनि वर्तमान सन्दर्भमा यसले स्वतन्त्र विज्ञानको मान्यता प्राप्त गरी सकेको छ । शैली वैज्ञानिक अध्ययन र विश्लेषणका सन्दर्भमा रिफाटेअर, जोफ्रि लिच, डेभिड क्रिष्टल, एम.के ह्यालिडे पाइक, चम्स्की, थोर्न, ओमन, कर्टिस, मुकारोभ्स्की, याकोब्सन, रोजर फाउलर, एन्विस्ट आदि भाषाविद्हरूको प्रत्यक्ष र परोक्ष रूपमा सहयोग रहेको पाइन्छ ।

शैली विज्ञान भाषा विज्ञान र साहित्य शास्त्रको मिलनबाट निर्मित शास्त्र मानिन्छ । यसले साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गर्दै सौन्दर्य एवम् कला पक्षको

उद्घाटन गर्दछ । यस कारण सैद्धान्तिक रूपमा शैली विज्ञानको सम्बन्ध साहित्य शास्त्रसँग सम्बद्ध भए पनि यसको मूल प्रकृति चाहिँ भाषावादी वा वस्तुवादी रहेको छ । त्यसै गरी यसको सम्बन्ध प्रतीक विज्ञानसँग निकै घनिष्ट रहेको पाइन्छ ।

शैली विज्ञानले साहित्यलाई भाषिक कला र सिङ्गो साहित्यिक कृतिलाई भाषिक प्रतीक मान्दछ । प्रतीकझैँ मानिएको प्रत्येक साहित्यिक कृतिका दुई पक्ष हुन्छन् : अभिव्यक्ति र कथ्य । (शर्मा : २०५९ : ५) अभिव्यक्ति कृतिको बाह्य रूप पक्षसँग र कथ्य आन्तरिक (अर्थ, सन्दर्भ) पक्षसँग सम्बद्ध हुन्छ । प्रत्येक साहित्यिक रचना अभिव्यक्ति र कथ्यको संश्लिष्ट रूप हुने भएकाले शैली विज्ञानले अभिव्यक्त वा रूपात्मक अवयहरूबाट कथ्य वा प्रसङ्गात्मक अवयवमा प्रवेश गर्छ र कृति संरचनाको विश्लेषण गरी त्यसमा अन्तर्निहित सौन्दर्यको उद्घाटन र मर्मबोध गराउनुका साथै सन्देशलाई पक्रेर यो रचना प्रतिफलित हुने प्रयोजनलाई समेत सिद्ध गर्दछ । (शर्मा, २०५९ : ५)

शैली विज्ञानले कृतिको बाह्यतलबाट गहनतलमा ओर्लिने प्रक्रिया आत्मसात गर्दछ । कृतिको अमूर्त आकार कृतिको गहनतल हो भने कृतिको मूर्त आकार कृतिको बाह्यतल हो । शैली विज्ञानले कृतिको यही अमूर्त र मूर्त आकारको माध्यमबाट कृतिलाई पर्गेल्ने सामर्थ्य प्रदान गर्दछ । अर्थात् मूर्त आकारबाट अमूर्त आकारमा र अमूर्तबाट मूर्त आकार तालमेल गर्ने तरिका प्रस्तुत गर्दछ ।

*यस कारण शैली विज्ञान साहित्यलाई हेर्ने एउटा नवीन दृष्टिकोण हो र यसले भाषा विज्ञानका उपलब्ध सामग्रीको आधारमा कृतिको शैलीको विश्लेषण गर्दछ।*

### ३.४ शैली विज्ञान : विश्लेषण प्रक्रिया

शैली विज्ञानले साहित्यिक कृतिको मूल्याङ्कन साहित्यिक संरचना, शैली र भाषा संरचनामा आधारित रहेर गर्दछ, जसको चर्चा निम्न लिखित रूपमा प्रस्तुत गरिएको छ :

### ३.४.१ साहित्यिक संरचना

प्रत्येक साहित्यिक कृतिको आफ्नै संरचना वा स्वरूप हुन्छ । संरचना भनेको कुनै वस्तुमा पाइने स-साना संरचक घटकहरूको कुल योग हो र यसभन्दा बढी अरू केही पनि हो । यसलाई बृहत् घटक पनि भनिन्छ । यस अन्तर्गत निम्न लिखित क्रमश्रेणी वा तह पर्दछ :

#### क. बनोट

साहित्यिक कृतिमा पाइने स-साना घटकहरूको कुल योग नै बनोट हो । कृतिभित्र समावेश भएका अङ्क, भाग, दृश्य संवाद, परिच्छेद, प्रसङ्ग, घटना आदि साहित्यिक कृतिगत घटकहरूको सिङ्गो स्वरूपनै बनोट हो । शैली विज्ञानले यी घटकहरूको अध्ययन र विश्लेषण गर्दै कृतिको अमूर्त बनोटलाई मूर्त रूपमा प्रस्तुत गर्दछ ।

#### ख. बुनोट

बुनोट कृतिको आन्तरिक संरचना हो । यो बनोटका पर्याय धारमा रहेर भएको लघु-घटकहरूको कार्य हो जहाँ कृतिगत घटकहरू बिचको अन्तर सम्बन्ध पनि रहेको हुन्छ । (खनाल, २०६८ : ९)

बुनोटलाई लघु, सीमित वा खण्डात्मक प्रभावको तह मानिन्छ । बनोटका विपरीत यो तह मूर्त हुन्छ । यस कारण यसभित्र रीतिगत परिवेश र घटनाको एकाकार पाइन्छ । यस अन्तर्गत चरित्र-कथन, प्रतीक व्यवस्था, बिम्ब विधान, अलङ्कार योजना, छन्द विधान, घटना संयोजना आदिको वर्णन विश्लेषण गरेर शैली वैज्ञानिक बनोटको विवेचना हुन्छ ।

### ३.४.२ भाषा संरचना

भाषाको विशिष्ट रूप साहित्य हो । भाषाको जगमा टेकेर साहित्यिक कृतिको सिर्जना भएको हुन्छ र यसले जीवन प्राप्त गर्दछ । भाषाको निश्चित संरचना हुन्छ । यस संरचना अन्तर्गत विभिन्न एकाइगत क्रम श्रेणीहरू पर्दछ । ती व्याकरण व्यवस्था, शब्द

व्यवस्था र ध्वनि व्यवस्था आदि पर्दछन् जसको अध्ययन र विश्लेषण शैली विज्ञानमा गरिन्छ । यी भाषाका संरचक घटकहरूको चर्चा निम्नानुसार गरिएको छ :

**क. ध्वनि व्यवस्था**

भाषाको न्यूनतम एकाइ ध्वनि हो । ध्वनि व्यवस्थाभित्र खण्डीय र खण्डेत्तर अर्थात् स्वतन्त्र र आश्रित ध्वनिहरूको व्यवस्था अन्तर्निहित रहेको हुन्छ । भाषाको व्यवस्थागत उद्गम विन्दु ध्वनि भएकाले यो भाषाको आधारभूत व्यवस्था परम्पराभित्र पर्दछ ।

**ख. शब्द व्यवस्था**

भाषाको व्याकरण व्यवस्थाभन्दा सानो अर्थात् तल्लो तह शाब्दिक तह हो । जसलाई भाषाको समग्र तिन व्यवस्थामध्ये मध्यम तह मानिन्छ । यस अन्तर्गत रूप विज्ञान तथा अर्थ विज्ञानभित्र प्रक्रिया तथा कार्यहरू पर्दछन् । अर्थलाई भाषाको प्राण मानिन्छ । भाषाभित्रको शब्द व्यवस्था भाषिक पक्षले महत्त्वपूर्ण तह मानिन्छ ।

**ग. व्याकरण व्यवस्था**

कुनै पनि भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो । जसमा रूप विज्ञान र वाक्य विज्ञानका प्रक्रिया र प्रकार्यहरूको व्याख्या गरिएको हुन्छ । वाक्यका संरचक भाषिक घटकहरूको सन्दर्भमा व्याकरण व्यवस्था विश्लेषण र व्याख्याको सर्वोच्च तह हो ।

### ३.४.३ शैली

भाषिक संरचनाका तहहरू (ध्वनि, शब्द र व्याकरण) लाई परस्परमा जोडी साहित्यिक संरचना निर्माण गर्ने कार्य शैलीले गर्दछ । अर्थात् भाषिक संरचना र साहित्यिक संरचनाको समन्वयबाट शैलीको निर्माण भएको हुन्छ । यस कारण यसको सम्बन्ध भाषा र सौन्दर्य दुबैसँग रहेको हुन्छ । त्यसैले कृतिको बाह्य र आन्तरिक तथा मूर्त र अमूर्त पाटाहरूको न्यायोचित अध्ययन विश्लेषण शैली विज्ञानले गर्दछ ।

मूलतः शैली विज्ञानले निम्न लिखित सूत्रहरूलाई अवलम्बन गरेर साहित्यिक कृतिको अध्ययन र विश्लेषण गर्दछ :

**क. चयन**

चयन विभिन्न विकल्पहरूमध्येबाट कुनै एकको छनोट गर्ने कार्यसँग सम्बन्धित छ । साहित्य भाषाको विशिष्ट एवम् उत्कृष्ट रूप हो । यही विशिष्ट एवम् उत्कृष्ट भाषाको प्रयोगले कुनै पनि सिर्जना आकर्षक बन्दछ । यस कारण लेखकले कृतिलाई आकर्षक, प्रभावकारी, उत्कृष्ट बनाउन र मर्मस्पर्शी भाव प्रदान गर्न चयनको प्रक्रिया आत्मसात् गर्दछ । मुख्य गरी चयन अन्तर्गत शब्द, वाक्य र गीत आदिको छनोट गर्ने कार्य पर्दछ । शैली विज्ञानले सर्जक वा लेखकले कृतिको रचना गर्दा के-कस्ता शब्द, वाक्य र गीत छनोट गरेको छ सो को अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दछ ।

**ख. अग्रभूमि निर्माण**

साहित्यिक रचना निर्माण गर्दा प्रदान गरिने पृथकपन नै अग्रभूमि निर्माण हो । रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु अग्रभूमि निर्माण हो । (शर्मा, २०५९ : ८)

शैली वैज्ञानिक क्षेत्रमा अग्रभूमि निर्माण सम्बन्धी धारणाको प्रदुर्भाव सन् १९३० मा जे. मुकारोभ्स्कीले गरेका हुन् । अग्रभूमि निर्माणको प्रारम्भिक क्षेत्र चित्रकला हो । यसले वर्तमान समयमा चित्रकलाका माध्यमबाट भाषिक क्षेत्रमा प्रविष्टि पाएको छ ।

मुकारोभ्स्कीले अग्रभूमिमा नवीनता, असामान्यता, अद्वितीय, अप्रायिकता र अनपेक्षितता जस्ता विशेषता रहने कुरा उल्लेख गरेका छन् । प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महत्त्वपूर्ण हुनु, अनौठोपन वा वक्रताले गर्दा चर्चित वा व्याख्येय बन्न सक्नु अग्रभूमिलाई पहिचान गर्ने आधार मानिन्छन् । (अधिकारी, २०६७ : २७४)

कृतिकारको साहित्यिक कृतिमा पाइने अग्रभूमि निर्माणको आधारहरू निम्न लिखित छन् :

**क.विचलन**

**ख.समानान्तरता**

**क. विचलन**

विचलन मानक भाषाको उल्लङ्घनसँग सम्बन्धित छ । साहित्यिक कृतिको रचना गर्दा भाषा प्रयोगलाई तलमाथि गरी प्रयोग गर्ने स्थिति नै विचलन हो । यसले कृति वा रचनालाई मनोरञ्जनात्मक, विशिष्टता, कलात्मक, रसात्मक र सजीवता प्रदान गर्दछ ।

मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९ : ८) लेखक वा कृतिकारले साहित्यिक कृतिमा भाव गाम्भीर्य र आल्हादकारी थप्न भाषाको विचलित स्वरूपको प्रयोग गरेको हुन्छ । विचलन भाषिक एकाइका विभिन्न स्तरमा देखिन सक्छन् । ती विचलन ध्वनि, वर्ण, रूप, शब्द, पदावली, उपवाक्य र सङ्कथनको तहमा भएको पाइन्छ । कृतिमा प्रयुक्त विचलनको स्वरूप अनुसार यसको वर्गीकरण निम्नानुसार गरिएको छ :

**अ. कोशीय विचलन**

शब्दकोशमा प्रयोग नभएका शब्दहरूको प्रयोग अर्थात् स्रष्टा स्वयम्ले नवीन शब्द निर्माण गरी प्रयोग गर्ने शब्दलाई कोशीय दृष्टिले विचलित शब्द मानिन्छ । त्यसै गरी व्यक्तिबोली वा स्थानीयताको प्रभावको कारण उच्चारणमा भिन्नता आएको शब्दलाई पनि यस अन्तर्गत राखिन्छ, जस्तै : गुन्द्रिलो, मान्द्रिलो, गोबरिलो आदि ।

### आ. व्याकरणिक विचलन

भाषाको निश्चित व्यवस्था हुन्छ । व्याकरणले भाषालाई निश्चित व्यवस्था एवम् अनुशासनमा आबद्ध गर्दछ । यही भाषाको लिङ्ग, वचन, आदर, पुरूष, काल, भाव, पक्ष, पदक्रम आदि व्याकरणिक नियममा देखिने विचलनलाई व्याकरणिक विचलन भनिन्छ , जस्तै : बहिनी गयो ।

### इ. ध्वनि प्रक्रियात्मक विचलन

भाषाको कुनै खास एकाइको उच्चारण गर्दा मानकभन्दा भिन्न रूपको प्रयोग गर्नुलाई ध्वनि प्रक्रियागत विचलन भनिन्छ, जस्तै : डाँरा, कारा आदि ।

### ई. आर्थी विचलन

साहित्यिक कृतिमा भाषालाई लक्ष्यार्थ र व्यञ्जनात्मक अर्थमा प्रयोग गरिनुलाई आर्थी विचलन भएको मानिन्छ । यसले कृतिको प्रभावकारिता थप्दछ , जस्तै : मनमा प्रचण्ड आँधी चल्यो ।

### उ. प्रयुक्तिगत विचलन

कुनै एउटा परिस्थिति वा प्रसङ्गमा प्रयोग गरिनु पर्ने भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नुलाई प्रयुक्तिगत विचलन भएको मानिन्छ , जस्तै : यो त भुसुनाको नाइके हो क्यारे !

### ऊ. लेख्य प्रक्रियागत विचलन

भाषामा लेखन प्रक्रियाको निश्चित व्यवस्था हुन्छ । सोही लेखन प्रक्रियाको उल्लङ्घनलाई लेख्य प्रक्रियागत विचलन भएको मानिन्छ , जस्तै : म $^{घर}$ जान्छु ।

**ख. समानान्तरता**

साहित्यिक कृतिको भाषा प्रयोगमा गरिने नियमित आवृत्तिलाई समानान्तरता भन्ने गरिन्छ । स्रष्टाले कृतिको रचना गर्दा ध्वनि, वर्ण, शब्द, पदावली, उपवाक्य वाक्य, छन्द, गीत, उखान टुक्का र युक्तिको पुनरावृत्ति गरेर शब्द एवम् अर्थको तहमा विशिष्टता र रोचकता थपेको हुन्छ । सर्जकले दुई किसिमको समानान्तरता सिर्जना गरेर कृतिलाई कलात्मकता एवम् विशिष्टता थप्दछ । ती निम्न लिखित छन् :

**अ. बाह्य समानान्तरता**

**आ. आन्तरिक समानान्तरता**

**अ. बाह्य समानान्तरता**

बाह्य समानान्तरता साहित्यिक कृतिको भाषा संरचनासँग सम्बन्धित आवृत्ति हो । यसले एकभन्दा बढी ध्वनि, वर्ण, रूप, शब्द पद समूह, पदावली, उपवाक्य आदिको आवृत्तिलाई बुझाउँछ , जस्तै : पापा पोको पारेर पुण्यप्रसाद पञ्जाब पुगे ।

**आ. आन्तरिक समानान्तरता**

आन्तरिक समानान्तरता कृतिको अर्थ वा भावको आवृत्तिसँग सम्बन्धित छ । यसले साहित्यिक कृतिमा पर्यायवाची, अनेकार्थी शब्दहरूको आवृत्ति, अलङ्कारको आवृत्ति, छन्द र बिम्ब प्रतीकको प्रयोगलाई जनाउँदछ, जस्तै : दुलहीजस्तै सिँगारिएको यो वेस क्याम्पले यो हिउँ प्रदेशमा आफ्नो एक्लो साम्राज्य खडा गरेको छ ।

**ग. विविधता**

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्छन् र यिनै भेदहरूलाई विविधता भनिन्छ । (शर्मा, २०५९ : ८)

## ३.५ सादृश्य :

शाब्दिक रूपमा सादृश्यको अर्थ समानता भन्ने हुन्छ । सादृश्य विधान भाषाका माध्यमबाट वस्तुको समानता एवम् तुल्यता देखाउने एउटा उक्ति हो । झैँ, उस्तै, त्यस्तै आदि शब्दहरूले वस्तु-वस्तुका बिचमा सादृश्यको प्रतिबिम्वन गर्दछन् । रूप, रङ, गुण आदिले कुनै वस्तुमा हुने समानता, एकरूपता, समता र तुल्यता (प्रयोगात्मक नेपाली शब्दकोश, २०६३ : १०००) लाई सादृश्य भनिन्छ ।

सादृश्यले केही मात्रामा आन्तरिक समानान्तरतालाई आत्मसात् गर्न खोजे जस्तो देखिए पनि सुक्ष्म ढङ्गबाट विश्लेषण गर्दा यिनीहरू एक अर्कोमा पूर्णतः भिन्न छन् । खास गरी सादृश्य यथार्थमा रहेका दुई वस्तुहरू बिचको एकरूपता हो । जसलाई लेखकीय चातुर्यले पूर्णता दिन्छ । तर आन्तरिक समानान्तरता चाहिँ प्रतीकको माध्यमद्वारा तुल्यता देखाउने कार्य हो । जसले अर्थ पक्षमा आवृत्ति सिर्जना गर्दछ । सादृश्य कृतिको भावपरक अर्थात् विषयपरक अध्ययन हो । शैली विज्ञानले भाव र भाषा दुवै पक्षलाई समेट्छ । यस कारण सादृश्यले पनि कृतिको भावको अध्ययन गर्ने भएकोले शैली वैज्ञानिक सिद्धान्तसँग समन्वय गरिएको हो । कृतिकारले साहित्यिक रचनामा प्रयोग गरेका सादृश्यका स्वरूपको आधारमा यसलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

**क. भौगोलिक सादृश्य**

**ख. प्राकृतिक सादृश्य**

**ग. सामाजिक-सांस्कृतिक सादृश्य**

**घ. भाषिक सादृश्य**

**क. भौगोलिक सादृश्य**

भाषाका माध्यमबाट कुनै एक स्थान वा ठाउँलाई अर्को स्थान वा ठाउँको भू-बनोट एवम् विशेषतासँग समानता देखाउनु नै भौगोलिक सादृश्य हो, जस्तै : हिमालमा त तराईको जस्तै घामले पोल्ने रैछ ।

**ख. प्राकृतिक सादृश्य**

दुई भिन्न भिन्न स्थान/ठाउँका प्राकृतिक वस्तुहरू : वनजङ्गल, वनस्पति, फलफुल, जीवजन्तु आदिका बिचमा तुल्यता वा समानता देखाउने युक्ति नै प्राकृतिक सादृश्य हो जस्तै : पाल्पाको जस्तो खरबारी त गोरखामा पनि रैछ ।

**ग. सामाजिक-सांस्कृतिक सादृश्य**

कुनै दुई समुदाय वा स्थानका मानिसका व्यवहार, चालचलन, धर्म, रीति रिवाज र संस्कार आदि बिचको तुल्यता एवम् समानता देखाउनु नै सामाजिक-सांस्कृतिक सादृश्य हो , जस्तै : यहाँको लज चैँ नेपालको पूर्वतिर भए खोल्मा र पश्चिमतिर भए ओसारी भन्नु पर्ने खालको रहेछ ।

**घ. भाषिक सादृश्य**

कुनै एक भौगोलिक क्षेत्रमा बोल्ने भाषा र कुनै एक जातिले बोल्ने भाषालाई अर्को भौगोलिक क्षेत्रमा बोल्ने भाषा र अर्को जातिले बोल्ने भाषासँग समानता देखाउनु नै भाषिक सादृश्य हो, जस्तै : हेटौँडामा बस्ने रविले अप्ठ्यारोमा नजा लोट्लास भन्दा त गुल्मीतिर गएजस्तो लाग्यो ।

यी उल्लिखित वर्गीकरण सादृश्यको प्रयोग स्वरूपको आधारमा गरिएको हो । *यसले विशेष गरी दुई वस्तु वा युक्तिका बिच समानता देखाएर कृतिलाई रोचकता प्रदान गरेको छ ।*

# अध्याय चार

# भाषिक विचलनको विश्लेषण

नियात्रा साहित्य यात्राको स्वाभाविक वर्णन र लेखकीय आत्मपरकताको सङ्गम स्थल हो । यसको लेखन इतिहास त्यति धेरै सुदीर्घ रहेको पाइदैन । तर पनि यसले वर्तमान सन्दर्भमा उच्चताको शिखर प्राप्त गरेको छ । प्रस्तुत शोधकार्यमा प्रतीक ढकालको नियात्रा **गण्डकीको मुहानतिर**को भाषिक विश्लेषण गरिएको छ । नियात्राको भाषिक विश्लेषण अन्तर्गत विचलन, समानान्तरता र सादृश्यलाई प्रमुख पक्ष मानेर विश्लेषण गरिएको छ ।

## ४.१ विचलन

विचलन भाषाको चलन चल्तीभन्दा भिन्न प्रयोग हो भन्ने बुझिन्छ । प्रत्येक भाषाको भिन्न व्यवस्था रहेको हुन्छ । यही भाषाको व्यवस्थाभन्दा फरक रहेर भाषाको विचलित प्रयोग लेखक एवम् साहित्यकारले आफ्ना रचनामा गरेको पाइन्छ । जसले सिर्जनालाई आकर्षक, प्रभावकारी, स्वाभाविकता र विशिष्टता प्रदान गर्दछ । साहित्यिक कृतिमा कोशीय, व्याकरणिक, प्रयुक्तिगत, आर्थी र लेख्य प्रक्रियागत आदि विविध भाषाको विचलित स्वरूपको प्रयोग गरेको पाइन्छ । यस नियात्राको विश्लेषण कार्यमा पनि के-कस्ता भाषाको विचलित स्वरूपको प्रयोग गरिएको छ, सो को खोजी गरिएको छ । ती निम्नानुसार छन् :

### क. कोशीय विचलन

शब्दकोशमा नभएका शब्दहरू प्रयोग गर्नु एवम् कतिपय चलन चल्तीमा आएभन्दा भिन्न स्वरूपका शब्दहरू प्रयोग गर्नु कोशीय विचलन हो भन्ने बुझिन्छ । स्रष्टाले अभिव्यक्तिलाई तिख्खर एवम् जीवन्त प्रस्तुति दिन कोशीय दृष्टिले विचलित भाषाको

प्रयोग गरेको हुन्छ । **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त कोशीय विचलनका उदाहरणहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- तर गाडी पाइएन अनि ठूलो झोला च्यापेर १५/१६ दिनका लागि हिडेको म **विलखबन्द**मा पर्ने छाँट आयो । (पृ. ६)
- यो छहराभन्दा उत्तरतिर पनि अरू स-साना छहरा छन् जसले बुढीगण्डकीलाई क्रमशः **ठुल्याइरहेछन् ।**(पृ. १९)
- र यो **पीना** जारी रहुन्जेल हामीले यस्तै कुराहरू गरिरह्यौं । (पृ. २३)
- **सम्हारी** नसक्नु गरी फालिएको छ मकै जताततै । (पृ. ४२)
- यही सजिलो बाटोले साँझको पौने पाँच बजेतिर **शीलतु** बेलामा हामीलाई ठाडों भञ्याङ्ग ल्याई पुऱ्यायो । (पृ. ५५)

उपर्युक्त गाढाँ अक्षरमा दिइएका शब्दहरू कोशीय रूपमा विचलित शब्द हुन् जसको आशय क्रमश : **स्याहारी**, **अलमल्ल**, **ठूलो बनाउनु**, **पिउने** र **शीलत भएको** भन्ने हुन्छ । यसले अभिव्यक्तिमा सहजता एवम् सजीवता प्रदान गरेको छ ।

### ख. व्याकरणिक विचलन

भाषा व्याकरणिक नियममा आबद्ध हुन्छ । व्याकरणिक अनुशासनले नै भाषालाई प्रयोग योग्य बनाउँदछ । साहित्य भाषाको विशिष्ट रूप हो । यसको सिर्जना गर्दा स्रष्टाले सोद्धेश्यमूलक ढङ्गबाट भाषाको व्याकरणिक दृष्टिले विचलित स्वरूपको प्रयोग गर्दछ । **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त व्याकरणिक विचलनका स्वरूप निम्न लिखित छन् :

- *र, म यसरी एक्लै छोडिएँ पोखरामा .............(पृ.१)*

उक्त वाक्यमा क्रियापद क्रिया विशेषणभन्दा अघि आएर व्याकरणिक विचलन भएको छ ।

- *बजार घुमियो निकैबेर । (पृ. २)*

यस वाक्यमा क्रियापद क्रिया विशेषणभन्दा पछि आएर व्याकरणिक विचलन आएको छ ।

- *छेउमै छ पर्यटन कार्यालय पोखरा ! (पृ. २)*

यस वाक्यमा उद्देश्य पछि र विधेय अघि आएर व्याकरिणक विचलन भएको देखिन्छ ।

- *सकेसम्म चाँडै हिड्ने सुर कसेको छु मैले । (पृ. ३)*

यस वाक्यमा कर्ता वाक्यको अन्त्यमा आएको हुनाले व्याकरणिक विचलन भएको छ ।

- *म मनास्लुको पदयात्रामा निस्केको मान्छे ! (पृ. ३)*

यस वाक्यमा क्रियापदको अनुपस्थिति भएर व्याकरणिक विचलनमा भएको छ । यस वाक्यको मानक स्वरुप म मनास्लुको पदयात्रामा निक्केको मान्छे हुँ भन्ने हुन्छ ।

- *आखिर घरै त हो नि जागिरेका लागि- क्वार्टर पनि । (पृ. ५)*

यस वाक्यमा विधेय र यसका विस्तारक र उद्देश्य र यसका विस्तारका भन्दा अघि आएकाले व्याकरणिक विचलन भएको देखिन्छ ।

- *बाटैमा भेट भए कयापानी, गिस्सा र तान्द्राङ गाउँहरू पनि । (पृ. ५)*

यस वाक्यमा उद्देश्य विधेयभन्दा पछि आएकाले व्याकरणिक विचलन भएको छ ।

- *जय होस्- यस आरूघाट बजारको । (पृ. ७)*

यस वाक्यमा विधेय अघि र उद्देश्य पछि आएकाले व्याकरणिक विचलन भएको देखिएको छ । यसको मानक रुप यस आरूघाट बजारको जय होस् भन्ने हुन्छ ।

- *आखिर कस्तो चीज हो यो मन ? (पृ.८)*

यस वाक्यमा विधेयभन्दा पछि उद्देश्य आएको हुनाले व्याकरणिक विचलन भएको छ ।

- *राजकुमारजीले राम्रो कोठा दिनु भएको छ मलाई । (पृ. ७)*

यस वाक्यमा कियापदभन्दा पछि अप्रत्यक्ष कर्म आएकाले व्याकरणिक विचलन भएको छ ।

- *देख्दादेख्दै बेंसीखोला मिसियो- बुढीगण्डकीमा । (पृ. १०)*

यस वाक्यमा कियापदभन्दा पछि किया विशेषण आएकाले विचलन भएको छ ।

- *बाटो दायाँ-बायाँ परेका घरहरूमा दशैंको हतारो देखिदैंछ- प्रस्टै । (पृ. १२)*

यस वाक्यमा कियापदभन्दा पछि किया विशेषण आएकाले व्याकरणिक विचलन भएको पाइन्छ ।

- *२०/३० वर्ष पुरानो बजार हो रे यो । (पृ. १४)*

यस वाक्यमा कियापदभन्दा पछि कर्ता आएकाले विचलन भएको छ । यसको मानक रूप यो २०/३० वर्ष पुरानो बजार हो रे भन्ने हुन्छ ।

- *कसैले भात पकाउदैंछ भित्र । (पृ. १७)*

यस वाक्यमा क्रियापदभन्दा पछि क्रिया विशेषण आएकोले व्याकरणिक विचलन भएको छ । यसको मानक रुप कसैले भित्र भात पकाउदैं छ भन्ने हुन्छ ।

- *काठको भऱ्याङ चढेर हामी माथि गयौं । (पृ. २२)*

यस वाक्यमा कर्ता अगाडि नआई बिचमा आएकाले व्याकरणिक विचलन भएको छ । यस वाक्यको मानक स्वरूप हामी काठको भऱ्याङ चढेर माथि गयौं भन्ने हुन्छ ।

- *मात्र चार वटा घर रहेछन् यो गाउँमा । (पृ. २७)*

यस वाक्यमा विधेयभन्दा पछि उद्देश्य आएकाले विचलन भएको देखिन्छ ।

- *ओहो ! ठुलो पो रहेछ त खोर्लाबेसी त । (पृ. २८)*

यस वाक्यमा विधेयभन्दा पछि उद्देश्य आएकाले व्याकरणिक विचलन भएको छ ।

- *प्रस्टै बुझिन्छ- सबैलाई दशैंले छोपिसकेको । (पृ. ३१)*

यस वाक्यमा उद्देश्यभन्दा अघि विधेय आएकाले व्याकरणिक विचलन भएको देखिन्छ ।

- *बाटोमा एउटा घोडा चर्दैछ- निष्फिकी । (पृ. ४९)*

यस वाक्यमा वाक्यको सुरू र अन्त्यमा क्रिया विशेषण आएकाले व्याकरणिक विचलन भएको पाइन्छ । यस वाक्यको मानक स्वरूप एउटा घोडा बाटोमा निष्फिकी चर्दैछ भन्ने हुन्छ ।

- *असोज १७ गतेको घाम पनि लागे देङको पाखामा । (पृ. ५७)*

यस वाक्यमा पदक्रम नमिलेकाले व्याकरणिक विचलन भएको देखिन्छ ।

- *मलाई रमाइलो लाग्यो यो प्रणाली । (पृ. ६०)*

यस वाक्यमा पदक्रम नमिलेकाले व्याकरणिक विचलन भएको देखिन्छ । यस वाक्यको मानक स्वरुप यो प्रणाली मलाई रमाइलो लाग्यो भन्ने हुन्छ ।

- *स-साना ढुंगे घरहरू । (पृ. ६३)*

यस वाक्यमा क्रियापदको लोप भएकाले व्याकरणिक विचलन भएको छ । यसको मानक रूप स-साना ढुङ्गे घर छन् भन्ने हुन्छ ।

- *साह्रै असल, शिष्ट अनि भद्र मान्छे सुनबहादुर गुरूङ । (पृ. ६७)*

यस वाक्यमा क्रियापदको लोप रहेकाले व्याकरणिक विचलन भएको पाइन्छ ।

- *रूइचका बोटहरूले ढाकेको छ पूरै बाटोलाई । (पृ. ७५)*

यस वाक्यमा पदक्रम नमिलेको व्याकरणिक विचलन भएको मानिन्छ ।

- *अहो ! कसरी भेट्न सकिन्छ र ? (पृ. ७०)*

यस वाक्यमा कर्ता लोप रहेकाले व्याकरणिक विचलन भएको छ ।

- *गेटबाट भित्र छिऱ्यौं । (पृ. ८२)*

यस वाक्यमा कर्ताको लोप भएकाले व्याकरणिक विचलन भएको देखिन्छ । यसको मानक स्वरूप हामी गेटबाट भित्र छिऱ्यौं भन्ने हुन्छ ।

- *थाकेको मान्छे । (पृ. ९०)*

यस वाक्यमा कर्ता र क्रियापदको लोप भएकाले व्याकरणिक विचलन भएको छ । यसको मानक स्वरूप म थाकेको मान्छे हुँ भन्ने हुन्छ ।

- *फर्केर आइपुगेपछि बल्ल डर लाग्यो । (पृ. १०४)*

यस वाक्यमा कर्ताको लोप भएकाले व्याकरणिक विचलन भएको मानिन्छ ।

- *बेलुकीपख एक्लै आएर यो निर्जनतामा छु- लाशसँग । (पृ. १०९)*

यस वाक्यमा पदक्रमगत विचलन भएको पाइन्छ ।

यसरी यस नियात्रामा व्याकरणिक दृष्टिले विचलित भाषाको प्रयोग गरिएको छ । यसले नियात्रालाई स्वाभाविक र सरल ढङ्गमा प्रस्तुत गर्न मद्दत पुऱ्याएको छ ।

**ग. ध्वनि प्रक्रियागत विचलन**

भाषामा उच्चारणको क्रममा देखिने विचलनहरू नै ध्वनि प्रक्रियागत विचलन हुन् । (खनाल, २०६८ : १०७)

ध्वनि प्रक्रियागत विचलन विशेष गरी कथ्यरूपमा आउने शब्दलाई जस्ताको तस्तै लेख्य संरचनामा ढाल्दा हुन आउँछ । यसले कृतिलाई स्थानीयता एवम् आञ्चलिकता प्रदान गर्न सहयोग गर्दछ । प्रस्तुत **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त ध्वनि प्रक्रियागत विचलन केही उदाहरणहरू निम्न लिखित छन् :

- एई **लाँडीका छोला** । पृ. १८

- तर चारैतिर अँध्यारो **भैसकेको** हुनाले राम्रो फोटो खिच्न भने सकिराखेको **छुइनँ** । (पृ. २१)
- हामी त **इस्कुल** पढ्दैन । (पृ. ४७)
- ऊ कान्छा म **भिनोत्** । (पृ. ४७)
- अब देङ नै नपुगी केही नहुने भो है **पर्तिक पर्साद** ढकाल (पृ. ५४)
- म त **सप्पै**लाई राम्रो **गार भन्छ** यो मान्दैन् । (पृ. ७२)
- तिमीले नाम जानेर के **गर्छा** ? (पृ. ७८)
- यसो मौका परे **पेटाँ** जाउलो हुल्नु पर्ने ! (पृ. ८७)
- अहिले **गार**तिरै होला । (पृ. ९०)

यी उपर्युक्त शब्दहरूमा ध्वनि प्रक्रियागत विचलन भएको पाइन्छ । यी शब्दहरूको मानक स्वरूपहरू निम्न लिखित छन् : **लाँडी=राँडी, छोला=छोरा, भैसकेको =भइसकेको, छुइनँ=छैन्, इस्कुल=स्कुल, भिनोत्=विनोद, पर्तिक=प्रतीक, पर्साद=प्रसाद, सप्पै=सबै, गार= गर, गर्छा=गर्छ , पेटाँ=पेटमा, गार=घर** ।

**घ. आर्थी विचलन**

अभिव्यक्तिलाई लक्ष्यार्थ एवम् व्यञ्जनामा प्रकट गर्दा सिर्जना हुने विचलनको स्वरूपलाई आर्थी विचलन भनिन्छ । स्रष्टाले भनाइलाई विशिष्ट एवम् गम्भीरता प्रदान गर्न अभिधा अर्थको प्रयोग नगरी लक्षणा र व्यञ्जना अर्थमा भाषाको प्रयोग गर्दछन् । **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त आर्थी विचलनका केही उदाहरणहरू निम्न लिखित छन् ।

- *यात्राको जोश जाँगर पलाएको छ मेरा तन र मनभरि । (पृ. १०)*

यस वाक्यमा मनमा जोश/जाँगर पलाएको भनिएको छ । मन र तन कुनै वनस्पति होइन जोश/जाँगर पलाउनलाई त्यस कारण यस वाक्यमा आर्थी विचलन भएको पाइन्छ ।

- *अझ प्रतीक्षाको घडी रहेछ भने त पुरै महाभारत नै मच्चिन्छ मनमा । (पृ. ११)*

मन आन्तरिक कुरा हो । यस भित्र झै-झगडा हुन सक्दैन । त्यस कारण यस वाक्यमा आर्थी विचलन भएको छ ।

- *अनि त्यही नदीको शीरतर्फ हिमाल मुस्काइरहेछ । (पृ. १३)*

हिमाल मानिस होइन त्यसैले यो कहिल्यै मुस्काउन सक्दैन । त्यस कारण यस वाक्यमा आर्थी विचलन भएको देखिन्छ ।

- *के गर्ने आफू परियो परदेशी अनि सिस्नो ठहरियो यहाँको लोकल दादा ! (पृ. १८)*

सिस्नो एउटा पोल्ने वनस्पति हो न कि मानिस त्यसैले यसले दादागिरी देखाउन सक्दैन । त्यस कारण यस वाक्यमा आर्थी विचलन भएको पाइन्छ ।

- *साँच्चै हामी त भुसुनाको संघीय राज्यमा पो आइपुग्यौं कि कसो ? (पृ. ३३)*

यहाँ भुसुना जनता होइनन् त्यसैले यिनीहरूले राज्य बनाउँदैनन् । त्यस कारण यो वाक्यमा आर्थी विचलन भएको भेटिन्छ ।

- *दिउँसो २:२० को घामको भुंग्रोलाई टाउकोमा थाप्दै हामीले फेरि पाइला टाउकोमा थाप्दै हामीले फेरी पाइला चाल्न सुरू गर्‍यौं । (पृ. ३५)*

घाम वस्तु होइन जसले आगो लगाउने र भुङ्ग्रो निकाल्न सक्छ भनेर कल्पना गर्न सकिदैन । यहाँ घामको भुङ्ग्रोले पोलेको कुरा गर्नु आर्थी विचलन हो ।

- *खोलाले बाटो खाइदिएछ । (पृ. ३८)*

खोला सजीव प्राणी होइन र बाटो पनि खानयोग्य चीज होइन । यहाँ खोलाले बाटो खाई दिएछ भन्नु कदापि हुन सक्दैन । यस कारण यो वाक्यमा आर्थी विचलन भएको देखिन्छ ।

*अब हाम्रो लभ हुन सक्छ है सल्लेरी । (पृ. ४२)*

यहाँ सल्लेरी गाउँ हो न कि प्रेमिका हो ? गाउँ र मानिस बिचको प्रेम कसरी हुन सक्छ । यसैले यस वाक्यमा आर्थी विचलन भएको देखिन्छ ।

- *हावाको थप्पड खाँदै कागवेनीतर्फ लाग्दा बाटोमा भेटिएको थियो एक्लेभट्टी कुनै समयमा ।  (पृ. ४७)*

यहाँ हावा मानिस होइन थप्पड दिनको लागि भने त्यस्तै एक्लेभट्टी गाउँ हो । यो गतिशील हुँदैन । यसलाई भेट्नका लागि हिड्नुपर्छ । त्यस कारण यस वाक्यमा आर्थी विचलन भएको पाइन्छ ।

- *तर त्यो एक्लेभट्टी अझै पनि बबुरो नै छ । (पृ. ४८)*

यहाँ एक्लेभट्टी गाउँ हो मानिस होइन । यस कारण गाउँ विचरा र अनाथ हुन सक्दैन ।

- *मानेकै छेउमा फुलेका डेम्बर सेता फूलहरूले हामीलाई हेरिरहे पछिसम्म पनि । (पृ. ६१)*

यहाँ डेम्बर फुल हो प्राणी होइन मानिसलाई हेर्नको लागि यिनीहरूको त आँखा नै हुँदैन । यस वाक्यमा फुलले हेरेको कुरा गर्नु आर्थी विचलन अन्तर्गत पर्दछ ।

- *आफ्नो शरीरको गियरलाई निरन्तर १ नम्बरमा राखेर आफैँलाई उकालोतिर धकेल्नुपर्दा भित्रदेखिको मेसिनमा पनि जोड पर्ने । (पृ. ७०)*

मानिसको शरीर गाडी होइन ताकि गियरमा राख्दा उकालो चढ्ने यस कारण यस वाक्यमा आर्थी विचलन भएको देखिन्छ ।

- *यसले (चकर्सी) पछि रातो खानेकुरा निकाल्छ । (पृ. ७९)*

चकर्सी वनस्पति हो मेसिन होइन । मेसिनले एकतिर खाद्यान्न हालेर अर्को तिरबाट निकाल्ने कार्य गर्छ तर बिरूवाले सक्दैन । यस वाक्यमा बिरूवाले पछि रातो खानेकुरा निकाल्छ भन्नु आर्थी विचलन हो ।

- *'त जति ढिला गऱ्यो उकालो चढ्न घामले पिर्छ है सर । (पृ. ९२)*

घाम मानिस होइन ताकि अरूलाई सताउन र दुःख दिन सक्छ । यस वाक्यमा घामले पिर्छ भन्ने उल्लेख गरिएको छ । यो कदापी हुन सक्दैन । यस कारण उक्त वाक्यमा आर्थी विचलन रहेको स्पष्ट हुन्छ ।

- *कलिलो हिमाल ! असाध्यै कलिलो हिमाल ! (पृ. ९४)*

हिमाल कुनै सजीव प्राणी होइन जन्मिने, हुकर्ने र बढ्ने । यस वाक्यमा कलिलो हिमाल भनिएको छ । हिमाल कहिल्यै पनि कलिलो हुँदैन । यस कारण यो वाक्यमा आर्थी विचलन भएको पाइन्छ ।

- *हामी बीचमा मौन संवाद मात्र भयो । (पृ. १०१)*

संवाद हुनका लागि बोल्नुपर्छ । यहाँ दुई जनाबिच कुराकानी चुपचापमा नै भयो भन्ने कुरा उल्लेख गरिएको छ । यो मौनतामै संवाद भयो भन्नु आर्थी विचलन हो ।

- *मेरा लागि बनाइएको छुट्टै र सुव्यवस्थित काजी साहेवको पालले मलाई हेरिरह्यो..... । (पृ. १०२)*

पाल सजीव प्राणी होइन । यसले कसैलाई आए गएको हेर्न सक्दैन । यहाँ पालले हेरेको भनिएको छ त्यो वास्तवमा हुनैं सक्दैन र त्यसका आँखा पनि हुँदैनन् । यस कारण यो आर्थी विचलन अन्तर्गत पर्दछ ।

यी उपर्युक्त आर्थी विचलनका साथै अन्य प्रशस्त आर्थी विचलन **गण्डकीको मुहानतिर** नियात्रामा रहेका छन् । यसले कृतिलाई विशिष्टता प्रदान गरेको छ ।

# अध्याय पाँच

# समानान्तरता र सादृश्यको विश्लेषण

## ५.१. समानान्तरता

स्रष्टाले अभिव्यक्तिलाई प्रभावकारी, पृथकता प्रदान गर्नका लागि भाषा प्रयोगमा आवृत्ति गरेको हुन्छ । यो आवृत्ति भाषाको संरचनाको तहमा र अर्थको तहमा गरेको हुन्छ । यसलाई नै समानान्तरता भनिन्छ । समानान्तरताका प्रकार निम्न लिखित छन् :

### क. बाह्य समानान्तरता

एकभन्दा बढी ध्वनि, रूप, शब्द पदावली, उपवाक्य र वाक्य आदिको नियमित पुनरावृत्ति नै बाह्य समानान्तरता हो । कृति वा रचनाभित्र सौन्दर्यको सृष्टि गर्न लेखक वा कृतिकारले सोद्देश्यमूलक ढङ्गले बाह्य समानान्तरता सिर्जना गर्दछ । प्रस्तुत **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त बाह्य समानान्तरताका केही उदाहरणहरू निम्न लिखित छन् :

- **तै**पनि **म एक्लो**, नितान्त **एक्लो म**हसुस गर्दै थिए । (पृ. १)
- देङ**बाट** डेढ **घण्टामा विहि पुग्ने, विहिबाट** ३ **घण्टामा गाप पुग्ने**, **गापबाट** ३ **घण्टामा** हिडेर नामरूङ पुग्ने र त्यही बाँस बस्ने । (पृ. ३)
- **बिहान सबेरै** पर्वतारोहण टिमका भरियाहरूसँगै **म**नास्लुको आधारशिवि**र**तर्फ प्रस्था**न गर्ने** । (पृ.४)
- **बाटैबाट** देखिए पातलो **बस्ती** भ**एका सुन्दर-सुन्दर** गाउँ**हरू** । कर्कटपाताले छा**एका** घर**हरू** । (पृ. ६)
- **उस्तै** समथरभूमि, **उस्तै** खेती प्रणाली **उनै**, बोटबिरूवा, **उनै** रूख-पात र **सबै सबै** नै **उस्तै**हरू । (पृ. १३)
- **बजार**को **र**माइलो हेर्न वा आफैँ थाके**र** हो निकै **बेर** सुस्ताइएछ- चौतारीमा **बसेर** (पृ. १५)

- पानी-**पण्डितहरू** नै **जानुन्,** पावर **पण्डितहरूले जानुन्** । (पृ. १९)
- धे**रै बेर** हिंडेपछि **बा**टो तल **झर्दै झर्दै** गयो **र** खोलाको **बगर**मै पुग्यो । (पृ. २१)
- हिसा**ब** किता**ब** पनि गर्नु नै छ । (पृ. २५)
- ताता**पानी पनि** नेपालमा **कति कति** । (पृ.३०)
- लट्टेका **राता राता** फूलहरूले पूरै बारीलाई नै **राताम्य** बनाएको छ । (पृ. ३४)
- **हिड्**दा **हिड्**दै खोलामै पुग्यौं । (पृ.३८)
- कति रा**म्रो** हो हा**म्रो** नेपाल !! (पृ. ३९)
- **बस्दा बस्दै** अलि **बढी** नै **ब**सिएछ थकाइ मार्न । (पृ. ५९)
- यो **राम्रै राम्रो**को त्रिवेणीमा कुराकानी मात्रै त्यत्ति **राम्ररी** जमाउन पाइएन । (पृ. ७७)
- **वन** त **वनै** हो, तैपनि अहिले चै भोजपत्रका रूखहरू बढी पाइने **वन**मा आइपुगेका छौं (पृ. ८४)
- त्यत्तिकै हल्**लेर**, डु**लेर**, घु**मेर**, फेरो मारेर जे भने प**नि** त्यही सामागाउँ त हो **नि** । (पृ. १०७)
- ह**त्त** न प**त्त** कुरो पक्का गरिहाले । (पृ. १०८)

उपर्युक्त वाक्यहरू **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त बाह्य समानान्तरताका केही उदाहरणहरू हुन् । यिनको अलवा अरू प्रशस्त मात्रामा बाह्य समानान्तरताका उदाहरणहरू भेटिन्छन् । यहाँ पहिलो वाक्यमा **त** वर्ण तिन पटक, **एक्लो** शब्द दुई पटक र **म** वर्ण दुई पटक दोहोरिएको छ । दोस्रोमा **बाट** शब्द तिन पटक, **विही** शब्द दुई पटक र **गाप** शब्द दुई पटक आवृत्ति भएको छ । तेस्रोमा **ब** वर्ण दुई पटक, **न** वर्ण तिन पटक र **र** वर्ण तीन पटक आवृत्ति भएका छन् । चौंथो वाक्यमा **ब** वर्ण तिन पटक, **ट** वर्ण दुई पटक, **एका** शब्द दुई पटक, **सुन्दर** शब्द दुई पटक र **हरू** शब्द दुई पटक दोहोरिएका छन् । पाँचौंमा **उस्तै** शब्द तिन पटक, **उनै** शब्द दुई पटक र **सबै** शब्द दुई पटक, दोहोरिएको छ । छैटौं वाक्यमा **ब** वर्ण तिन पटक र **र** वर्ण पाँच पटक आवृत्ति भएका छन् । सातौंमा

**पण्डितहरू** शब्द दुई पटक र **जानुन्** शब्द दुई पटक आवृत्ति भएर आएका छन् । आठौँ वाक्यमा **र** वर्ण चार पटक, **ब** वर्ण तिन पटक र **झर्दै** शब्द दुई पटक आवृत्त भएका छन् । नवौँ वाक्यमा **ब** वर्ण दुई पटक आवृत्त भएको छ । दशौँ वाक्यमा **प** वर्ण दुई पटक, **नि** शब्द दुई पटक र **कति** शब्द दुई पटक आवृत्त भएका छन् । एघारौँ वाक्यमा **राता** शब्द तिन पटक आवृत्ति भएको छ । बाह्रौँमा **हिड्** धातु दुई पटक र **द** वर्ण दुई पटक आवृत्त छन् । तेहौँ वाक्यमा **म्रो** शब्दको आवृत्ति दुई पटक भएको छ । चौधौँमा **बस्** धातु दुई पटक र **ब** वर्ण दुई पटक आवृत्त भएका छन् । पन्ध्रौँमा **रा** र **म** ध्वनि तिन पटक दोहोरिएका छन् । सोह्रौँ वाक्यमा **ले** ध्वनि दुई पटक, **र** वर्ण छ पटक र **नि** शब्द दुई पटक आवृत्त छन् र सत्रौँ वाक्यमा **त्त** शब्द दुई पटक आवृत्त भएको छ । यसरी भाषिक एकाइहरुमा भएको दोहोरिने प्रक्रियाले मिठास प्रदान गरेको छ । यसका साथै कृतिको बाह्य सौन्दर्य सिर्जना गर्न एवम् आकर्षक बनाउन पनि अहम् भूमिका खेलेको छ ।

### ख. आन्तरिक समानान्तरता

आन्तरिक समानान्तरता भाषाको अर्थ तहमा देखिने आवृत्ति हो । स्रष्टाले बिम्ब प्रतीक र अलङ्कार आदिको प्रयोग गरेर अभिव्यक्तिलाई सौन्दर्य प्रदान गर्दछ । यसले कृति वा रचनालाई प्रभावकारी र चमत्कार युक्त बनाउन सहयोग गर्दछ ।

प्रस्तुत **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त आन्तरिक समानान्तरताका केही उदाहरणहरू निम्न लिखित छन् :

- *अनि बल्ल बुढो भैंसीझैँ विस्तारै बाटो लाग्यो बजार क्षेत्र नाघेर । (पृ. ५)*
- *सलाईका काँटीझैँ मान्छे खाँदिएको यस गाडीले १२:४५ बजे आफ्नो यात्रा प्रारम्भ गऱ्यो । (पृ. ५)*
- *कोही (छेपारा) चाहिँ मञ्जाले ढुंगामा पल्टिएर सनबाथ गर्दैछन् । (पृ. ४३)*
- *दुलही जस्तै सिंगारिएको यो बेस क्याम्पले यो हिउँ-प्रदेशमा आफ्नो एक्लो साम्राज्य खडा गरेको रहेछ । (पृ. ९८)*

उपर्युक्त वाक्यहरू आन्तरिक समानान्तरताका उदाहरण हुन् । यसको प्रयोगले नियात्रामा ओजस्वी र भाव गाम्भीर्यता प्रदान गरेको निर्क्योल गर्न सकिन्छ । यहाँ पहिलो वाक्यमा बसलाई बुढो भैंसीको प्रतीकका रूपमा लिएर उसको गतिशीलतालाई ठम्याइएको छ । दोस्रो वाक्यमा भने मान्छेको भीडलाई सलाईका काँटी खाँदिएकोसँग तुलना गरेर बसमा भएका मान्छेको स्थितिलाई प्रस्टयाइएको छ । तेस्रो वाक्यमा छेपारालाई मानिससँग तुलना गरेर उसले सानबाथ गर्ने क्रियाकलाप देखाइएको छ । र चौँथो वाक्यमा वेसक्याम्पको सजावटलाई बेहुलीको सिगारसँग तुलना गरिएको र हिउँ-प्रदेशमा एक्लै रहेकोले साम्राज्य खडा गरेको भनी मानिएको छ ।

यसरी बाह्य र आन्तरिक दुवै समानान्तरताले यस नियात्रामा बाह्य एवम् आन्तरिक सौन्दर्य सृष्टि गरेको छ ।

## ५.२ सादृश्य

सादृश्य भाषाका माध्यमबाट दुई वस्तु एवम् भावका बिच तुल्यता देखाउने युक्ति हो । यो भाषा पक्षीय अध्ययन नभई भाषाका माध्यमबाट विषयको अध्ययन गर्ने शास्त्र हो । प्रस्तुत **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त सादृश्यलाई खोज्ने कार्य गरिएको छ र सादृश्यको प्रकृतिको आधारमा निम्न लिखित भागमा विभाजन गरेर यसलाई केलाइएको छ :

### क. भौगोलिक सादृश्य

दुई भिन्न भौगोलिक अवस्थालाई तुल्यता वा समानता देखाउने युक्ति नै भौगोलिक सादृश्य हो । **गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त भौगोलिक सादृश्यका केही उदाहरणहरू निम्न लिखित छन् :

- *अहो ! झन् तराईको जस्तो समथर भूमि र सुन्दर गाउँ पो आयो त ! (पृ. १२)*

यस वाक्यले लार्कपास पहाडको सजिलो बाटोलाई तराईको समथर भूमिसँग समानता देखाएको छ । यस कारण यो वाक्य भौगोलिक सादृश्य युक्त छ ।

- *तर यस्ता भित्री मधेशहरूमा झन बढी गर्मी हुन्छ- सिन्धुलीमाझैँ । (पृ. १३)*

यस वाक्यले गोरखा र सिन्धुलीको भौगोलिक विशेषता गर्मीबिच तुल्यता देखाएको छ । त्यसैले यो भौगोलिक सादृश्य अन्तर्गत पर्दछ ।

- *अनि साँच्ची मधेशमा हिंडेको भ्रमपाल्दै हामी अहिले माछा खोलाको झोलुङ्गे पुलमा आइपुगेका छौँ । (पृ. २६)*

यस वाक्यले कासीगाउँ (पहाड)का समथर भूभागलाई मधेश वा तराईसँग समानता देखाइएको छ ।

- *साँच्चै सल्लेरी त सोलुकै सल्लेरी जस्तो छ कि कसो ? (४२)*

यस वाक्यले गोरखाको सल्लेरीको भौगोलिक सुन्दरता एवम् सरसफाइलाई सोलुको सल्लेरीसँग तुलना गरिएको छ ।

- *पुलको मुखैनिर पहरामा एउटा ठूलो प्वाल छ उही मुस्ताङे पहराहरूमा भए जस्तै । (पृ. ५७)*

यस वाक्यले गोरखा जिल्लाको पहरामा भएको प्वाल र मुस्ताङको पहरामा भएको प्वालका बिचमा समानता देखाएको छ ।

- *र हामी त तराईतिरको जस्तो माटैमाटो भएको माटेबाटोमा पो हिड्दै छौँ त । (पृ. ८७)*

यस वाक्यमा गोरखाको सामागाउँको ढुङ्गाविनाको माटेबाटो र तराईको माटेबाटोबिच समानता देखाइएको छ ।

### ख. प्राकृतिक सादृश्य

दुई भिन्न भिन्न स्थानका प्राकृतिक वस्तुहरू वन, जङ्गल, वनस्पति र जीवजन्तु आदिका बिचमा तुल्यता वा समानता देखाउने युक्ति नै प्राकृतिक सादृश्य हो । गण्डकीको मुहानतिर नियात्रामा प्रयोग भएका प्राकृतिक सादृश्यका केही उदाहरणहरू निम्न लिखित छन् :

- *तानसेनको बतासे डाँडा कै जस्तै सल्लेरी रहेछ । (पृ. ६२)*

यस वाक्यमा गोरखाको सल्लेरी वनका हरियाली तथा घनापन र तानसेनको बतासे डाँडा (वन)का बिच समानता देखाइन्छ ।

- *भोजपुरबाट दिङ्ला जाँदा बाटामा पर्ने वन जस्तै देखिन थालेको छ । (पृ. ६८)*

यस वाक्यले गोरखा जिल्लामा गण्डकी तरेपछि देखिने वनका ठुला ठुला र पुरै भ्याउले ढाकिएको रूखहरू र भोजपुरबाट दिङ्ला जाँदा बाटामा भेटिने वनको स्वरूप/प्रकृतिबिच सादृश्य देखाइएको छ ।

### ग. सामाजिक-सांस्कृतिक सादृश्य

कुनै दुई समुदायका वा स्थानका मानिसका व्यवहार, चालचलन, अवस्था एवम् स्थिति, धर्म, संस्कार र रहन सहनका बिच समानता देखाउने तुलना गर्ने कार्य समाजिक सांस्कृतिक सादृश्य हो । सामाजिक सादृश्य विशेष सामाजिक स्थिति, व्यवहार चालचालनसँग सम्बन्धित हुन्छ भने सांस्कृतिक सादृश्य चाहिँ मानिस धर्म, संस्कार र रीति रिवाजसँग सम्बन्धित हुन्छ ।

**गण्डकीको मुहानतिर** नियात्रामा प्रयुक्त सामाजिक सांस्कृतिक सादृश्यका उदाहरणहरू निम्न लिखित छन् :

- *यहाँको लज चैँ नेपालको पूर्वतिर भए खोल्मा र पश्चिमतिर भए ओसारी भन्नु पर्ने खालको रहेछ । (पृ. ७३)*

यस वाक्यले नामरूङको कमन बेडरूम भएका होटललाई ओसारी र खोल्मासँग तुलना गरिएको छ । त्यसैले यो सामाजिक सादृश्य युक्त वाक्य हो ।

- *पर्खालको वरिपरि पनि हातले घुमाउने मानेहरू छन्- स्वम्भूमा जस्तै । (पृ. ८८)*

यस वाक्यले सामागाउँ गुम्बाका पर्खालका वरिपरि राखिएका मानेहरू र स्वयम्भूका मानेहरूबिच समानता देखाएकाले यो सांस्कृतिक सादृश्य अन्तर्गत पर्दछ ।

- *बाटो सबै नै काठमाडौँका हुने खानेहरूको आँगन जस्तो छ । (पृ. ४२)*

यस वाक्यले सल्लेरीका मानिसले बनाएको व्यवस्थित, सफा तथा गुणस्तरीय बाटो र काठमाडौँका धनाढ्य वर्गको आँगनकाबिचमा समानता देखाइएको छ । त्यस कारण यो सामाजिक सादृश्य युक्त वाक्य हो ।

यसरी यस नियात्रामा भौगोलिक, प्राकृतिक, र सामाजिक-सांस्कृतिक सादृश्यको सार्थक समन्वय पाइन्छ । यसले कृतिलाई रोचकता एवम् विशिष्टता प्रदान गरेको छ । तर यसमा भाषिक सादृश्यको प्रयोग भएको भने देखिदैन ।

# अध्याय छ

# उपसंहार

## ६.१ निष्कर्ष

यस शोधग्रन्थभित्र भाषिक अध्ययन अन्तर्गत शैली विज्ञानको परिचय, पृष्ठभूमि र सैद्धान्तिक आधार तथा सादृश्यको परिचय र यसका प्रकारहरूको चर्चा गरिएको छ । **गण्डकीको मुहानतिर** नियात्रा विश्लेषणको आधार भाषिक विचलन, समानान्तरता र सादृश्यलाई लिइएको छ । यो अध्ययनले कृतिको भाषा र भाव गरी दुवै पक्षको विश्लेषण गर्न सक्षम भएको छ । यसै गरी यस अध्ययनले कुनै पनि विधाका कृति वा रचनाको भाषिक आधारमा विश्लेषण गर्न एउटा दरिलो टेवा प्रदान गरेको छ । त्यस्तै भाषाको शिक्षणीय दृष्टिकोणले पनि यो अध्ययन उपयोगी ठहरिन्छ । यस उपसंहार खण्डमा प्रत्येक खण्डको अध्यायगत रूपमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको पहिलो अध्यायमा शोधको परिचय, शोधको समस्या, उद्देश्य, औचित्य, सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा पूर्वकार्यको पुनरावलोकन समावेश गरिएको छ । यसमा वर्तमानसम्म प्राप्त भएका भाषिक अध्ययनका सैद्धान्तिक ग्रन्थहरूको पुनरावलोकन गर्नुका साथै यस सम्बन्धी प्राप्त भएसम्मका पत्र पत्रिका लेख र शोधपत्रहरूका आधारमा पूर्वकार्यको पुनरावलोकन गरिएको छ ।

यस खण्डमा सैद्धान्तिक ग्रन्थको पुनरावलोकन अन्तर्गत मोहनराज शर्मा र घनश्याम नेपालको शैली विज्ञान सम्बन्धी सिद्धान्तको ग्रन्थलाई आधार मानिएको छ ।

पत्र पत्रिकाको लेखमा राजेन्द्र खनालको सम्प्रेषणमा प्रकाशित बसाइँ उपन्यासको अग्रभूमी निर्माण सम्बन्धी लेखको पुनरावलोकन गरिएको छ ।

यसका साथै यस विषयसँग सम्बन्धित वर्तमानसम्म भएका शोत्रपत्रहरूको पुनरावलोकन गरिएको छ । यसरी यस शोत्रपत्रको दोस्रो अध्यायमा पूर्वकार्यको पुनरावलोकन समावेश गरिएको छ ।

प्रस्तुत शोध पत्रको तेस्रो अध्यायको निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- शैली विज्ञान साहित्य समालोचनाको नवीनतम विधा हो ।
- यो भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखापरेको छ ।
- यो काव्य भाषाको वैज्ञानिक विश्लेषणका निम्ति प्रादुर्भाव भएको हो ।
- यसले कृतिको गहन तलमा प्रवेश गरेर भाषाको अध्ययन गर्नुका साथै यसको सौन्दर्योद्घाटन गर्दछ ।
- शैली शब्द अङ्ग्रेजीको स्टाइल (Style) को नेपाली रूपान्तरण हो ।
- १९ औँ शताब्दीमा प्रचलित स्टिलिस्टिक (Stilistik), स्टालिस्टिक्यु (Stylistique) शब्द Stylistic (शैली विज्ञान) को पूर्वरूप मानिन्छ ।
- पूर्वमा शैली शील धातुबाट निर्माण भएको मानिन्छ ।
- पूर्व र पश्चिम दुवैमा शैलीको सुदीर्घ परम्परा भएको देखिन्छ ।
- शैली विज्ञानको प्रारम्भ भने बिसौँ शताब्दीमा वर्णनात्मक भाषा विज्ञानको उदयसँगै भएको हो ।
- यसको प्रारम्भ र विकासमा फर्डिन्याड डी सस्युर र चार्ल्स व्यालीको महत्त्वपूर्ण भूमिका रहेको छ ।
- लियो स्पिट्जरले शैली विज्ञानमा कलापरक सौन्दर्य शास्त्रीय दृष्टिकोणको समन्वय गरेपछि यसले पूर्णता प्राप्त गरेको हो ।
- यसले साहित्यक कृतिको अध्ययन र मूल्याङ्कन साहित्यिक संरचना, शैली र भाषा संरचनामा आधारित भएर गर्दछ ।

- कृतिको भाषापक्षको अध्ययन विश्लेषण चयन, विचलन र समानान्तरताको आधारमा गर्दछ ।
- सादृश्य भाषाको माध्यमबाट वस्तुपक्षको अध्ययन विश्लेषण गर्ने युक्ति हो ।
- यसले दुई वस्तु वा भावका बिचमा देखिने तुल्यता वा समानताको अध्ययन गर्दछ ।

यसरी यस अध्यायमा साहित्य समालोचनाको नवोदित शाखाका रूपमा मान्यता प्राप्त शैली विज्ञानको परिचय, पृष्ठभूमि र अध्ययन वा विश्लेषणका आधारहरूका साथै सादृश्यको परिचय र यसका अध्ययनका आधारहरूको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौँथो अध्यायको निष्कर्षलाई निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ :

- विचलन सोद्देश्यमूलक ढङ्गबाट भाषा प्रयोगमा गरिने नियमको उल्लङ्घन हो ।
- गण्डकीको मुहानतिर नियात्रामा विचलनलाई स्वाभाविक र सजीव ढङ्गबाट प्रयोग गरिएको छ ।
- यसमा विशेष गरी पदक्रमगत विचलनको प्रयोगको अधिक्य भेटिन्छ ।
- यसमा भाषिक विचलन अन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियागत र आर्थी विचलनको सार्थक प्रयोग गरेको पाइन्छ ।

यसरी यस खण्डमा भाषिक विचलनलाई विश्लेषणको आधार वनाएर नियात्रामा प्रयुक्त विचलनको स्वरूपलाई पर्गेल्ने कार्य गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं अध्यायको निष्कर्षलाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- समानान्तरता साहित्यिक कृतिको भाषा प्रयोगमा देखिने नियमित आवृत्ति हो ।
- कृतिमा आवृत्ति भाषा संरचना र अर्थको पक्षमा देखिन्छ ।

- यस नियात्रामा प्रयुक्त आन्तरिक समानान्तरता र बाह्य समानान्तरताको विश्लेषण गरिएको छ ।
- समानान्तरताको उचित प्रयोगले कृति आन्तरिक र बाह्य सौन्दर्यको दृष्टिले उत्कृष्ट रहेको छ ।
- यस नियात्रामा प्रयुक्त सादृश्यको स्वरूपको आधारमा यसलाई भौगोलिक, प्राकृतिक र सामाजिक तथा सांस्कृतिक सादृश्यका रूपमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

यसरी यस अध्यायमा समानान्तरताका माध्यमबाट कृतिको भाषाको अध्ययन र सादृश्यका माध्यमबाट कृतिको भावको अध्ययन विश्लेषण गरिएको छ ।

## ६.२ भावी अध्ययनका लागि सम्भावित शोध शीर्षक

१. ‘छापामारको छोरो’ कथा सङ्ग्रहको भाषिक अध्ययन ।

२. ‘एक हातको ताली’ निबन्ध सङ्ग्रहको भाषिक अध्ययन ।

३. ‘हिमाल पारि पुगेपछि’ नियात्राको भाषिक अध्ययन ।

४. ‘सुकरातको डायरी’ उपन्यासको भाषिक अध्ययन ।

५. ‘भस्मासुरको नलीहाड’ नाटकको भाषिक अध्ययन ।

६. ‘आँसु खस्दै गर्छ ...!’ कविता सङ्ग्रहको भाषिक अध्ययन ।

# सन्दर्भ सामग्री सूची

## १. सैद्धान्तिक ग्रन्थहरू


अधिकारी हेमाङ्गराज (२०६२), **समसामयिक नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

........................ (२०६७), **सामाजिक र प्रायोगिक भाषा विज्ञान**, (पाँचौ संस्करण), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री बिशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश**, (दोस्रो संस्करण), काठमाडौँ, विद्यार्थी पुस्तक प्रकाशन ।

खनाल, राजेन्द्र(२०६८), **शैली वैज्ञानिक पठनमा दुई उपन्यास**, काठमाडौँः तन्नेरी प्रकाशन ।

नेपाल, घनश्याम (२००९), **शैली विज्ञान,** सिलगढी : एकता बुक्स हाउस ।

पोखेल बालकृष्ण र अन्य (२०६७) **नेपाली बृहत् शब्दकोश** (सातौँ संस्करण) काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, राजेन्द्र प्रसाद र सि.एन. पण्डित (२०६८), **आधुनिक अनुसन्धान पद्धति लेखन तथा मूल्याङ्कन**, काठमाडौँ : प्रज्ञा प्रकाशन ।

भट्टराई, भरतकुमार र घनश्याम दाहाल (२०६४), **प्रायोगिक भाषा विज्ञान**, काठमाडौँ : हजुरको प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५९), **शैली विज्ञान,** (द्वितीय संस्करण), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**२. प्रकाशित पत्रिका लेख**

खनाल, राजेन्द्र (२०६४), 'बसाइँ उपन्यासमा अग्रभूमि निर्माण', **सम्प्रेषण** अङ्क ४, काठमाडौँ: सम्प्रेषण परिवार, नेपाली भाषा शिक्षा विभाग ।

**३. अप्रकाशित शोधपत्रहरू**

आचार्य, लक्ष्मी (२०६४), **स्मृतिको पर्खालभित्र नाटकको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खत्री, थमनबहादुर (२०६४), **सुकरातका पाइला उपन्यासको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०६१), **मुग्लान उपन्यासको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

.....................(२०६४), **बसाइँ उपन्यासको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

दाहाल, नारायणकुमार (२०६५), **सुम्निमा उपन्यासको शैली वैज्ञानिक अध्ययन,** अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

निरौला, प्रतिक्षा (२०६२), **यो प्रेम ! नाटकको शैली वैज्ञानिक अध्ययन**, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

राउत, रूद्रवहादुर (२०६८), **माछो माछो भ्यागुतो कथा सङ्ग्रमा सङ्कलित कथाहरूमा प्रयुक्त भाषिक विचलनको अध्ययन**, अप्रकाशित शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ ।